# धर्मकीर्ति

## THE DHARMAKIRTI

### A BUDDHIST MONTHLY

माघ पूर्णिमा



धर्मकीर्ति विहारबाट लुम्बिनीमा निर्माण गरिएको धर्मशाला

DHARMAKIRTI

वर्ष- १५ अङ्क- १० वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# राष्ट्रिय बौद्ध सम्मेलन र धर्मोदय सभा

हालै मात्र धनगढीमा छैठौं राष्ट्रिय बौद्ध सम्मेलन भव्यताका साथ सम्पन्न भएको छ। धेरै जसोले बुद्ध शिक्षालाई काठमाडौं उपत्यका भित्रका नेवार समुदाय बीच मात्र सीमित रहेको धर्मकोरूपमा सम्झिने गर्दथे। हुन पनि धर्मोदय सभा पनि थेरवादी भिक्षुहरू र नेवारहरूको नेतृत्वमा स्थापना भएको थियो। त्यसैले यस सभा भित्र धेरैजसो नेवारहरूको मात्र हावी थियो। कालान्तरमा धर्मोदय सभाको रूपरेखा राष्ट्रिय रूपमा परिवर्तन हुन थाल्यो। चतुर्थ र चौधौं विश्व बौद्ध सम्मेलन आशातीत भव्यरूपमा काठमाडौंमा सम्पन्न भयो। श्री ५ को सरकारले पनि यस पवित्र कार्यको लागि प्रर्याप्त मात्रामा आर्थिक सहयोग प्रदान गरियो। त्यस सम्मेलन धर्मोदय सभाको आयोजनामा सम्पन्न भएको थियो। त्यसताका भिक्षु अमृतानन्द अति सक्रिय हुनु भएको कुरा स्मरणीय छ। सन् ०५६ मा भएको चतुर्थ विश्व बौद्ध सम्मेलनले नेपाललाई स्वतन्त्र राष्ट्र र बुद्धको जन्म भूमीको रूपमा विश्वलाई चिनाउन सफल भएको देखिन्छ। यो भन्दा पहिले धेरैजसो बिदेशीहरूले नेपाललाई हिन्दुस्थानको एक प्रान्तको रूपमा र सार्है पिछडिएको देशको रूपमा लिने गरेको देखिन्छ। तर यस सम्मेलनमा भाग लिनका लागि आउनुभएका बिदेशी पाहुनाहरू नेपालको अन्नपूर्ण होटलको राम्रो ब्यवस्थालाई देखेर आश्चर्य चकित भएको चर्चा सुनिन्छ।

पहिले जनजाती गुरूङ्ग, मगर, तामाङ्ग, थारू र शेर्पाहरू बौद्ध समाजका अंगको रूपमा संगठित थिएनन्। तर धर्मोदय सभाको आयोजनामा आयोजित जिल्ला जिल्लामा राष्ट्रिय बौद्ध सम्मेलन शुरू भएपछि धेरैजसो जनजातीहरू बुद्ध अनुयायीहरूको रूपमा संगठित भएको देखिन्छ। यसरी बिस्तारै बौद्ध जागरण बढ्न थाल्यो। धर्मोदय सभालाई पनि जनजाती बौद्धहरूले सजग तुल्याएको देखियो। किनभने धर्मोदय सभालाई शुरू शुरूमा थेरवादको पेवा सम्झने गरेपनि हाल तीन तीन वर्षका लागि महायानी, थेरवादी र बज्रयानीको तर्फबाट सभापती चुनिन थालेको छ। कार्यकारिणी पदाधिकारीहरूमा जनजाती बुद्ध अनुयायीहरूले पनि स्थान पाएका छन्। यसरी बुद्ध अनुयायीहरूका बीच एक आपसमा समन्वय र सहिष्णुताको वातावरण बढ्न थाल्यो। साम्प्रदायिक भावनामा डुबेका धेरैजसो बुद्ध अनुयायीहरू एकत्रित भई संगठित हुन थाल्यो। यसलाई राष्ट्रिय बौद्ध सम्मेलनको उपलब्धि भन्न सकिन्छ। प्रत्येक राष्ट्रिय सम्मेलनको अवसरमा धर्मोदय स्मारिका प्रकाशित हुने गरेको छ। यस स्मारिकामा राष्ट्रिय सम्मेलनमा भाग लिएका महानुभावहरूले धर्मोदय सभा राष्ट्रिय बौद्ध संस्थाको रूपमा जीवित हुनका लागि यसले के कस्तो कृयाकलापहरू सञ्चालन गर्नुपर्छ भन्ने बारे आ-आफ्ना सल्लाह र सुझावहरू दिने गर्छ। यी सुझावहरू सबै कार्यान्वयन हुने गरेको त देखिंदैनन्। तैपनि यी सुझावहरूले यस सभालाई सजग र गतिशील बन्नका लागि चाहिं बाध्य गराएको देखिन्छ।

अन्त्यमा धर्मोदय सभा राष्ट्रिय स्तरमा मात्र प्रचलित संस्था होइन, अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नाम कमाइसकेको संस्था हो। तसर्थ यस संस्था झन बढी कृयाशील हुनु परेको देखिन्छ। तर धेरै जसोका चर्चा अनुसार धर्मोदय सभा जति गतिशील बन्नु पर्ने हो त्यति हुन सकिराखेको देखिंदैन। आशा छ धर्मोदय सभाले आफूमा भइरहेको कमीलाई पूरा गरी आकांक्षालाई भविष्यमा पूरा गर्ने नै छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक व विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : [illegible] २५९४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५४

विशेष सदस्य रु. १०००/-
वा सो भन्दा बढी
वार्षिक रु. ५०/-
यस अङ्कको रु. ५/-

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

February 1998

| वर्ष- १५ | अङ्क- १० | सिपुन्ही | फागुन २०५४ |
|---|---|---|---|




★ जुन शरीरलाई तिमी म भनेर गौरब गर्दछौ घमण्ड गर्छौं त्यो शरीर अन्तमा चेतनहीन भएर वेकम्माको मूढो जस्तो भएर लडिरहने छ ।

***

★ आफूलाई प्राप्त हुने लाभलाई तुच्छ नसम्झनु, अर्कालाई प्राप्तहुने लाभमा ईर्ष्या नगर्नु, अर्काको लाभमा ईर्ष्या गर्ने मानिसलाई सुख, शान्ति प्राप्त हुन सक्दैन ।

***

★ थोरै सुख त्यागदा धेरै सुख मिल्ने छ भने यस्तो अवस्थामा बुद्धिमान मानिस थोरै सुखलाई त्यागेर धेरै सुख पाउनेमा लाग्दछन् ।

Downloaded from http://www.dhamma.digital

# बुद्धको महापरिनिर्वाण

✍ बुद्धदास भिक्खु

सम्यक् सम्बुद्धले ४५ वर्षसम्म धेरै जनताहरूलाई उपदेश दिनुभयो । उहाँले तत्कालीन जम्बुद्वीपका ठूला, साना, राज्य, नगर र गाउँहरूमा कुनै यान वा वाहन बिना खुट्टाकै भरमा धेरै आवत-जावत गर्नुभयो । दाताहरूले बनाई चढाएका आरामहरूमा वर्षाऋतु मात्र बिताउनु हुन्थ्यो । यस्ता आरामहरूमध्ये राजगृह नगरमा राजा बिम्बिसारले बनाई चढाएको वेलुवनाराम र श्रावस्ती नगर नजिक अनाथपिण्डिक सेठले बनाई चढाएको जेतवनाराम प्रमुख हुन् । यी ठाउँहरूमा बस्नुहुँदा भगवान् बुद्धले गर्नुहुने दैनिक क्रियाकलाप तल लेखिए अनुसार छ ।

भगवान् बुद्ध बिहान उज्यालो हुन अगावै बिछ्यौनाबाट उठ्नुहुन्थ्यो । स्नानकार्य सिद्धिएपछि समाधिष्ठ भई मानिसको धर्म बुझ्ने उपनिश्रय (सम्भावना) हेर्नुहुन्थ्यो । अनि उपनिश्रय भएकालाई उहाँ दयापूर्वक उद्धार गर्न जानुहुन्थ्यो । पूरा उज्यालो भईसकेपछि वहाँ चीवर पारुपन (चारैतिर छोप्नु) गरी हातमा पात्र लिई विहार नजिकको गाउँ-बस्तीमा भिक्षाटन गर्नुहुन्थ्यो । वहाँ हिँड्नुहुँदा सधैं बाटोमा मात्र हेर्नुहुन्थ्यो । श्रद्धालुहरूले भिक्षापात्रमा चढाउन ल्याएको खानेकुरालाई स्वीकार गर्नुहुन्थ्यो । भिक्षाटनमा वहाँ कहिलेकाहीं एक्लो जानुहुन्थ्यो भने धेरैजसो भिक्षुसंघका साथ नै जानुहुन्थ्यो ।

कहिले काँही कोही कोही दाताले भगवान् बुद्धलाई निमन्त्रणा गरी आफ्नो घरमा लगी भिक्षा दान गर्थे । यस्तो बेलामा भगवान् बुद्ध सबभन्दा माथिल्लो आसनमा बस्नुहुन्थ्यो । अनि दाताले पात्रमा हाली चढाएको खानेकुरो भोजन गर्नुहुन्थ्यो । भोजन सिध्याई चुथी सकेपछि वहाँ त्यहाँ भेला भएका सबैजनालाई उपदेश दिनुहुन्थ्यो । जस्तैः- खराब भनेको के हो; असल भनेको के हो; सोमत भनेको के हो; के कस्तो कर्म गर्नाले इहलोक तथा परलोकमा सुख वा दुःख हुन्छ; आदि । वहाँ असल कुराहरूमा हिँड्न जनतालाई प्रेरणा दिनुहुन्थ्यो । साहसिलो बनाउनुहुन्थ्यो । यसपछि वहाँ आफ्नो बासस्थान विहारमा फर्कनुहुन्थ्यो ।

भोजनोपरान्त भगवान् बुद्ध आफ्नो कोठाभित्र अथवा कुनै रूखमुनि एकान्तमा बसी ध्यान गर्नुहुन्थ्यो । भिक्षुहरू पनि त्यस्तै गर्थे । भिक्षुहरू दिउँसो धर्मशालामा (उपदेश दिनेहरू) बसी धर्मका कुरा कण्ठ र छलफल गर्थे । भगवान् बुद्ध साँझतिर धर्मशालामा भिक्षुहरू भेला गराई धर्मदेशना गर्नुहुन्थ्यो । कसैलाई केही नबुझेको भए अथवा शङ्का भएमा त्यसको बारे वहाँले बुझाई दिनुहुन्थ्यो । त्यस्तै वहाँ भिक्षु-भिक्षुणीहरूलाई र उपासक उपासिकाहरूलाई धर्मका कुरा जान्न र सिक्नमा उत्साहित गर्नुहुन्थ्यो । धर्मको आचरणको सुफल बताई त्यसमा लाग्न प्रेरणा दिनुहुन्थ्यो । धर्मको सुफल देखाइदिनुहुन्थ्यो ।

भगवान् बुद्धका धर्मदेशना सिद्धिएपछि श्रोताहरू फर्कन्थे । अनि विशेष रूपले सिक्नचाहने भिक्षुहरू मात्र बसी भगवान् बुद्धसँग सोध्दथे । आ-आफूले गरेका उन्नति भगवान् बुद्ध समक्ष बताउँदथे । कोही ध्यानविषयक कुरा सोधी कण्ठष्ठ गरिसकेपछि अभ्यासको लागि एकान्त ठाउँमा जान्थे । कहिलेकाहीं भगवान् बुद्धले नै विचार गरेर सुन्नेको रुचि, तह, तथा सामर्थ्य अनुरूपको धर्मदेशना गर्नुहुन्थ्यो । यसो गर्नुहुने भएकोले वहाँको उपदेश धेरैजसोले बुझ्दथे ।

गर्मीयाममा भए भगवान् बुद्ध इच्छानुसार कुनै एक ठाउँमा आराम गर्नुहुन्थ्यो । यही समयमा स्थानीय अथवा नजिकका जनताहरू साँझपख भगवान् बुद्धको दर्शन गर्न आउँदथे । भगवान् बुद्धलाई दान पनि दिन्थे । कोही धर्म मात्र सुन्न आउँथे । भगवान् बुद्ध पनि धनी, गरीब, बच्चा, बूढा, स्त्री वा पुरुष भनेर कुनै किसिमको पक्षपात नगरिकन धर्मदेशना गर्नुहुन्थ्यो । श्रोताहरू सबै जनालाई लाग्दथ्यो, वहाँले त्यो कुरा आफैलाई बताइरहनु भएको हो । प्रायशः उनीहरू बुद्धसहित धर्म र संघका शरण पर्दथे ।

सबै श्रोताहरू फर्केर गईसकेपछि भगवान् बुद्ध स्नान गर्नुहुन्थ्यो । यो काम वहाँ इनार, पोखरी वा अरू पानीका मुहानहरूमध्ये कुनै एक ठाउँमा गर्नुहुन्थ्यो । त्यसपछि साँझपख वहाँ ध्यानमा बस्नुहुन्थ्यो । यसपछि टाढाबाट दर्शन गर्न आएका भिक्षुहरूका लागि दर्शन गर्ने



Downloaded from http://www.dhamma.digital

पालो हुन्थ्यो । वहाँ उनीहरूलाई दर्शनभेट दिनुभई कुशलवार्ता सक्नुभएपछि उनीहरूसँग धर्म विषयमा छलफल पनि गर्नुहुन्थ्यो । कहिलेकाहीँ अति गम्भीर कुराहरूको पनि चर्चा हुन्थ्यो । यदि आगन्तुक भिक्षुले बताउन नसकेको खण्डमा वहाँ आफैले त्यसको व्याख्या गरी सुनाउनुहुन्थ्यो । उनीहरू धर्मलाई बुझ्ने गरी सुन्न पाएकोमा सन्तुष्ट तथा प्रफुल्लित भई फर्कंथे ।

दिनभरी व्यस्त रहनाले थाक्नु भएपछि भगवान् बुद्ध उठेर विस्तारै स्मृतिपूर्वक हिँड्डुल गर्नुहुन्थ्यो । यसरी हिँड्डुल गर्नुलाई चंक्रमण भनिन्छ । शरीरको थकान मेटिएपछि वहाँ फेरि एकचोटी भिक्षुहरूलाई सिकाउनु हुन्थ्यो । मध्यरातमा त्यहाँका राजा आदि ठूलाबडा मानिसहरू वहाँसँग धर्म छलफल गर्न आउँदथे । प्रश्नहरू सोद्धथे । वहाँको सन्तोषजनक उत्तर सुनेर उनीहरू हर्षित भई समय हेरी फर्केर जान्थे ।

रातमा भगवान् बुद्ध सिंहशय्या आकारमा लेटेर निदाउनुहुन्थ्यो । सिंहशय्या भनेको दायाँ कोल्टो परेर दुबै खुट्टा सँगै तन्काई बायाँ हात जीउमाथि सोझो राखी अर्को हात शिरनिर मोडेर लेट्नुलाई भनिन्छ । वहाँ उठ्ने समयको ख्याल गरी निदाउनुहुन्थ्यो । वहाँ अरुणोदय हुन दुईघण्टा जति अगावै निद्राबाट बिउँझनुहुन्थ्यो । त्यसपछि वहाँ फेरि धर्म बुझाउने तरिका तथा व्यक्तिबारे चिन्तन् गर्नुहुन्थ्यो । वहाँले यसप्रकार गर्नुहुने क्रियालाई बुद्धकृत्य भनिन्छ ।

भगवान् बुद्ध ४५ वर्षसम्म यस्तै प्रकारले धर्मप्रचार गर्दै ठाउँ ठाउँमा घुम्नुभयो । यात्राका समयमा बाहेक वहाँ धर्मप्रचार तथा शिक्षादीक्षा दिने काममा समय बिताउनुहुन्थ्यो । वहाँ धर्मका कुरा मात्र सिकाउनु हुन्नथ्यो; किन्तु सांसारिक जीवन सरल र शुद्धरूपमा बिताउने तरिकाबारे पनि परिस्थिति र व्यक्ति मुताबिक आफ्नो तीक्ष्ण तथा महान् प्रज्ञाद्वारा स्पष्ट बताइदिनुहुन्थ्यो । कसैलाई केही फरक पार्नुहुन्नथ्यो ।

जिज्ञासा लिएर सोध्न आउनेहरूदेखि झन्झट मान्ने अथवा भेट्न नचाहने भन्ने स्वभाव भगवान् बुद्धमा थिएन । वहाँ आफूकहाँ आएका हरेक किसिमका मानिसलाई अर्ति उपदेश दिन सधैँ तयार रहनुहुन्थ्यो । कोही कोही वहाँसँग आफ्नो कुरामा जित्नलाई मात्र सोध्न आउनेहरू पनि हुन्थे । त्यस्तालाई पनि वहाँ मैत्रीपूर्वक उपदेश दिनुहुन्थ्यो । तिनीहरू वहाँका प्रज्ञाबाट पराजित हुन्थे । वहाँका हेतुवादका कुरा सुनी तिनीहरू वहाँका शिष्य भएको घोषणा गर्दथे ।

भगवान् बुद्ध ४५ औं वर्षमा धर्मप्रचारार्थ चारिका गर्न जानुहुँदा ८० वर्ष उमेरका भइसक्नु भएको थियो । वहाँले देख्नु भयो, अब धर्मप्रचारार्थ चारिका गर्ने समय खतम हुन आँट्यो । किन भने अब वहाँका शारीरिक बलले साथ दिन छोड्न थालेको थियो । वहाँको मन यद्यपि पहिले जस्तै नै दृढ रहेको भएता पनि वहाँलाई लाग्यो, अब आफ्नो जीवन धेरै दिनसम्म रहने छैन । वहाँले आफू हुर्केको ठाउँ उत्तरको हिमालयतिर गई परिनिर्वाण हुने इच्छा गर्नुभयो । यसकारण धेरै भिक्षु शिष्यहरूका साथै भिक्षु आनन्दलाई लिई वहाँ राजगृह नगरबाट निस्कनुभयो ।

भगवान् बुद्ध पाटलीपुत्र नगर पुग्नुभयो, जुन् ठाउँलाई अहिले पटना शहर भनिन्छ । त्यसपछि वहाँ वैशाली नगरमा पुग्नुहुँदा अम्बपाली गणिकाले त्यहाँका राजकुमारहरूसँग प्रतियोगिता गरी चढाएको आँपको घारीमा बस्नुभयो । वेलुवग्राममा पुग्नुहुँदा वहाँले भिक्षुहरूलाई आ-आफूलाई पायक पर्ने स्थानहरूमा वर्षावास बस्न आज्ञा दिनुभयो । वहाँ आफै त्यो ग्राममै उपस्थापक आनन्दका साथ वर्षावास बस्नुभयो ।

, भगवान् बुद्ध वेलुवग्राममा बस्नुहुँदा शिकिस्त बिरामी पर्नुभएको थियो । एकदिन केही सन्चो भएपछि वहाँ विहारको छायाँमा बसिरहनु भएको बेलामा आनन्दले बिन्ती गर्नुभयो- "भो शास्ता ! यहाँ पहिले जस्तै नै स्वस्थ हुनुभएको देख्नपाएकोमा मलाई अत्यन्तै आनन्द लाग्यो । केही अघि यहाँलाई चर्को व्यथा हुँदा मेरो चित्त अस्थिर भई बेहोश हुन आँटेको थियो । मलाई लाग्छ, भिक्षुसंघलाई नीति निर्देशन तथा उपदेश दिई नसकुन्जेलसम्म शास्ता परिनिर्वाण हुनुहुने छैन ।

भगवान् बुद्धले भन्नुभयो - "हे आनन्द ! भिक्षुसंघले मबाट के आशा गर्दैछ ? मैले सम्पूर्ण धर्मविनय बताई नै सकेको छु । निर्वाण प्राप्तिका लागि भिक्षुसंघले जान्नु पर्ने सबैथोक मैले बताई नै सकेको छु । हे आनन्द ! अब म बूढो तथा कमजोर भइसकेको



Downloaded from http://www.dhamma.digital

छु । मेरो अन्तिम समय आइसकेको छ । म ८० वर्षको भइसकें । तिमीहरू आफैमा भर पर । आफ्नै शरण लेउ । अरू कसैको भर नपर । धर्मको आधार लेउ । धर्मलाई प्रमुख स्थान देउ ।" अन्तमा वहाँले जोड दिएर भन्नुभयो- "आनन्द ! जो भिक्षु शिक्षाकामी छ, उ नै संघको सर्वोत्तम व्यक्ति हो ।"

भोलिपल्ट बिहान भगवान् बुद्ध वैशालीमा भिक्षाटन जानसक्नुभयो । भिक्षाटनबाट फर्केर भोजन सिद्धिएपछि दिवाविहारका लागि आनन्दलाई आसन लिनलगाई पावाल चेतियमा जानुभयो । त्यहाँ इच्छा अनुसार बसिरहनु भएको बेलामा स्मृति तथा सम्प्रजन्यलाई काबूमा राखी यस्तो विचार गरी वहाँले आयुसंस्कार त्याग गर्नुभयो- "अब अर्को तीन महिनापछि तथागत परिनिर्वाण हुनेछ ।" आनन्द अगाडि आउँदा वहाँले यो कुरा सुनाउनुभयो ।

आनन्द भिक्षुले बिन्ती गर्नुभयो- "भो शास्ता ! अझ सत्त्वप्राणीहरूलाई दुःखबाट मुक्त गर्न धेरै दिनसम्म बाँच्नुहोस् ।" अनि बुद्धले आज्ञा गर्नुभयो- "आनन्द ! तथागतले जुन बोल्नुभयो, त्याग गर्नुभयो र मिल्काउनु भयो त्यो वचन कहिले पनि फिर्ता लिनुहुन्न । आनन्द ! तिमी बितिसकेको कुराको लागि शोक नगर । हेर आनन्द ! म महावन जङ्गलमा जानेछु । तिमी गई वैशाली नगरमा भएभरका भिक्षुहरूलाई त्यहाँ भेला हुने सूचना देउ ।"

भगवान् बुद्धले महावन्मा भेला हुन आएका भिक्षुहरूलाई लोकजनको हितको लागि, सुखको लागि र दयाको लागि अर्ति उपदेश दिनुभयो । वहाँले, सम्पूर्ण तथा परिशुद्ध ब्रह्मचर्य शुद्धरूपले आचरण गर्न चाहने व्यक्तिलाई धर्मको बाटोमा उचित रूपले हिँड्नको लागि चाहिने महत्त्वपूर्ण कुरा बोल्नुभयो । वहाँले भन्नुभयो- "लोकका सबै कुराहरू परिवर्तनशील छन् । आफ्नो अभिवृद्धिको लागि कोसिस गर्दैजाउ । चित्तलाई शुद्ध राख । अनि सम्पूर्ण दुःखबाट मुक्त हुनेछौ ।"

भगवान् बुद्ध भिक्षु आनन्दलाई साथमा लिई वैशालीमा पुग्नुहुँदा भन्नुभयो- "आनन्द ! तथागतको यो अन्तिम वैशाली दर्शन हुनेछ । हे आनन्द ! भन्दग्राम जाऔं ।" भन्दग्राममा वहाँले धेरै मानिसहरूलाई धर्मदेशनाद्वारा उपकार गरिसक्नुभएपछि वहाँ त्यहाँबाट हिँड्नुभयो । भिक्षुसंघका साथ वहाँ क्रमशः हस्तिग्राम, आम्रग्राम र जम्बुग्राम हुँदै भोग नगर पुग्नुभयो । त्यहाँ वहाँले भिक्षुसंघलाई विनयका ४ महाप्रदेशका कुरा सिकाउनुभयो । यसैलाई भिक्षुसंघको नियमको निर्णय गर्दा आधार मानिन्छ । त्यसपछि वहाँ श्रावकहरूका साथ पावामा पुग्नुभई चुन्द कर्मारपुत्रको आम्रवनमा बस्नुभयो ।

भगवान् बुद्धले त्यहाँ चुन्द कर्मारपुत्र तथा उनका परिवारलाई धर्मदेशना सुनाउनुभई गहिरो श्रद्धालु बनाउनुभयो । चुन्द कर्मारपुत्रले भगवान् बुद्ध प्रमुख भिक्षुसंघलाई भोलिपल्टको भोजनको लागि निमन्त्रणा गरे । उनको भोजन दानमा सूकर मद्दव★ ? भनिने एकथरिको च्याउ पनि थियो । सो भोजन खाइसक्नुभएपछि वहाँलाई रोग फेरि चर्को भएर आयो । वहाँलाई असह्य वेदना भयो । मुश्किलले वहाँ कुशीनगर जानुभयो ।

भगवान् बुद्ध बीच बाटोमा एउटा रूखमुनि सुस्ताउनुभयो । त्यहाँ आलारकालामका चेला पुक्कुस नामको मल्लपुत्रले वहाँलाई देखे । उनी वहाँको शान्तिमय जीवनको बारेमा उपदेश सुनेर प्रसन्न भए । उनले आफू आजीवन भगवान् बुद्धको तथा धर्म र संघको शरणमा आएको कुराको पनि घोषणा गरे । उनले वहाँलाई दुइवटा चीवरहरू चढाएकोमा, एउटा आफूले लिनुभई अर्को आनन्दलाई दिलाउनुभयो । त्यसपछि वहाँ ककुधा नदी किनारमा एकछिन सुस्ताउनु भइसकेपछि कुशीनगर जानुभयो । यो मल्ल राजाहरूको सैर गर्न आउने स्थान हो ।

भगवान् बुद्ध कुशीनगर पुग्नुहुँदा साह्रै थाक्नुभयो । अब आफू अगाडि बढ्न सक्दिन भन्ने लाग्यो । अनि आनन्दलाई भन्नुभयो- "हे आनन्द ! यी दुई शालवृक्ष मुनि मेरो लागि बिछ्यौना बिछ्याउ । म साह्रै थाके छु ।" भिक्षु आनन्दले भगवान् बुद्धको संघाटी चौबऱ्याई बिछ्याइ दिनुभयो । उत्तरतिर शीर पारि त्यस आसनमा भगवान् बुद्ध लेट्नुभयो । तर वहाँ निदाउनुभएको थिएन । रोगले साह्रै च्यापेकोले आराम गर्नुभएको थियो । वहाँको मन भने शान्त र दृढ नै थियो ।

★ (सूकर मद्दवलाई सुंगुरको मासु पनि भनिन्छ)



Downloaded from http://www.dhamma.digital



अब आनन्दलाई लाग्यो कि भगवान् बुद्ध पक्कै पनि परिनिर्वाण हुने भयो

अब आनन्दलाई लाग्यो कि भगवान् बुद्ध पक्कै पनि परिनिर्वाण हुने भयो । त्यसो हुनाले वहाँलाई ठूलो शोक भयो । अनि एकठाउँमा लुकेर बिरह गरि रोइरहनुभयो- "म अरू भिक्षुहरू झैं हुनसकेको छैन । मैले अझै सिक्न धेरै बाँकी छ । म अझसम्म अर्हन्त भइसकेको छुइन । मलाई करुणा कृपा राख्नुहुने शास्ताले मलाई छोडेर जान लाग्नुभयो । म एक्लो हुने भएँ ।"

भगवान् बुद्धले आँखा खोल्नुहुँदा आनन्दलाई त्यहाँ नदेख्नुभई नजिक बसेका भिक्षुहरूसँग सोध्नुभयो- "भिक्षु आनन्द कता गए ?" ती भिक्षुहरूले जवाब दिए- "उनी एक कुनामा गई रोइरहेका छन् । भगवान बुद्धले भन्नुभयो- "आनन्दलाई बोलाएर ल्याउ ।" आनन्द आइपुग्नुहुँदा वहाँले उनीसँग करूणापूर्वक कुरा गर्नुभयो ।

भगवान् बुद्धले आनन्दको प्रशंसा गर्दै भन्नुभयो- "भिक्षुहरूहो ! अतीतका बुद्धहरूका पनि उपस्थापकहरू थिए । अनागतमा आउने बुद्धहरूका पनि उपस्थापकहरू हुनेछन् । तर अहिलेका मेरा उपस्थापक आनन्द भन्दा श्रेष्ठ हुने छैनन् । उ सर्वश्रेष्ठ उपस्थापक हो । उसको बुद्धि कुशल तथा तीक्ष्ण छ । उ उचित समयलाई जान्दछ । पाहुनाहरूलाई मीठो वचनद्वारा खुशी तथा प्रसन्न हुनेगरि व्यवहार गर्दछ । उसको सोमतिलो व्यवहारद्वारा सबैजना सन्तुष्ट छन् । उसका कुरा सबैजनालेध्यान दिएर सुन्दछन् । यस्तो छ, बुद्धको उपस्थापक आनन्द !

त्यसपछि आनन्द भिक्षुले भगवान् बुद्धलाई निवेदन गर्नुभयो- "भो भगवान् शास्ता ! यो जङ्गलको बीचमा रहेको सानो नगरको क्षेत्रमा परिनिर्वाण नहुनु होस् । यसो गर्नु सुहाउँदैन । अरू-अरू ठूला-ठूला नगरहरू, जस्तै: श्रावस्ती र वैशाली आदि छन् । त्यहाँ शास्ताका धेरै अनुयायीहरू छन् । उनीहरूले तथागतको शवलाई भव्य सम्मानगरि व्यवस्था गर्नेछन् । भगवान् शास्ता त्यहाँ परिनिर्वाण हुनुभए बेस हुने थियो ।"

भगवान् बुद्धले आनन्दलाई भन्नुभयो- "त्यसो नभन आनन्द ! त्यसो नभन । यसलाई जङ्गलको बीचमा रहेको सानो-क्षुद्र नगर भनी नभन । धेरै समय पहिले यो सर्वोत्तम नगर थियो । यो चक्रवर्ती राजाको राजधानी थियो । हे आनन्द ! बरू तिमी गएर कुशीनगरका राजाहरूलाई सूचना देउ- "आजको अन्तिम याममा यो स्थानमा तथागत परिनिर्वाण हुनुहुनेछ । परिनिर्वाण हुन अगावै उनीहरूले तथागतको दर्शन गर्न पाउन् ।" अनि भिक्षु आनन्द केही भिक्षुहरूका साथ गई वहाँको आज्ञा मल्लराजाहरूलाई जानकारी दिनुभयो ।

भगवान् बुद्ध परिनिर्वाण हुने खबर सुनेर मल्ल राजाहरू बडो दु:खी तथा शोकाकुलित भई- "भगवान् बुद्ध छिटै परिनिर्वाण हुनुहुने भयो । लोकलाई प्रकाश दिने बत्ति छिट्टै निभ्दैछ । भगवान् बुद्धले हामीलाई छोडेर जानुहुँदैछ ।" भनी बिरह गर्दै भगवान् बुद्धकहाँ आए त्यस्तै कुशीनगरवासी अरू स्त्री-पुरुष तथा बालक-बालिकाहरू समेत रुँदै कराउँदै विरह गर्दै भगवान् बुद्धको अन्तिम दर्शन गर्न आए । तिनीहरूले टोलीटोली भई भगवान् बुद्धको दर्शन गरे । हरेक टोलीका नेताले भगवान् बुद्धसँग बिदाबाजीका केही कुराकानी पनि गरे ।

त्यसबेला कुशीनगरमा एकजना सुभद्द नामको परिव्राजक थिए । उनले भगवान् परिनिर्वाण हुनुहुने कुरा थाहा पाएर केही कुरो सोध्ने इच्छाले भगवान्को दर्शन गर्न जान चाह्यो । किन भने उनी विश्वास गर्थे कि आफ्नो प्रश्नको जवाफ बुद्धले मात्र दिनसक्नु हुनेछ । त्यसो हुनाले उनी शालवनमा आए र भिक्षु आनन्दसँग भेट गरे । अनि उनले भगवान् परिनिर्वाण हुन अगावै आफ्नो प्रश्नहरू सोध्ने मौका दिन आनन्दसित अनुरोध गरे ।



Downloaded from http://www.dhamma.digital

भिक्षु आनन्दले सुभद्रलाई यसरी जवाब दिनुभयो- "भयो सुभद्र ! भयो । भगवान् बुद्ध सान्है थाक्नुभएको छ । यस्तो बेलामा प्रश्नहरू सोधेर वहाँलाई बढ्ता दुःख नदेउ ।" तर सुभद्र परिव्राजक अति हतारोमा थिए । आनन्दले भन्नुभएको कुरा उनले मानेनन् । उनले भगवान् बुद्धको दर्शन गराउन बारम्बार अनुरोध गरिरहे । भिक्षु आनन्दले पनि बारम्बार मनाही गरि नै रहनुभयो । आनन्दको तर्क थियो - "वहाँ अहिले सान्है शिकिस्त हुनुहुन्छ । कुनैपनि प्रकारका व्यक्तिबाट अब वहाँलाई दुःख दिनु ठीक छैन । भगवान् बुद्धले यी दुईजनाका बीचमा भइरहेको कुराकानी सुन्नुभयो । अनि वहाँले सुभद्रलाई नरोक्न आनन्दलाई आज्ञा गर्नुभयो ।



"हे आनन्द ! तिमी सुभद्रलाई मकहाँ आउनबाट नरोक"

भगवान् बुद्धले आनन्दलाई भन्नुभयो- "हे आनन्द ! तिमी सुभद्रलाई मकहाँ आउनबाट नरोक । उसको इच्छानुसार मकहाँ आउनदेउ । उसले मसँग ज्ञानका कुरा सुनेर जीवन सार्थक पार्नेछ । उ मलाई दुःख दिन आएको होइन । उ मेधावी तथा कुरो छिट्टै बुझ्नसक्ने हो ।" अनि मात्र आनन्दले सुभद्रलाई बुद्धकहाँ जान दिनुभयो ।

भगवान बुद्धले सुभद्रको प्रश्न सुनिसकेपछि धर्मदेशना गर्नुभयो । जसले गर्दा उसको मनमा रहेको संशय हट्यो । समस्या सुल्झ्यो । उनले बुद्धको धर्मविनयमा भिक्षु बनाइदिन अनुरोध गरे । भगवान् बुद्धले सुभद्रलाई भिक्षु बनाइदिन आनन्दलाई लगाउनुभयो । जसरी मृगदावनमा धर्म उपदेश सुन्ने कौडिन्य भगवान् बुद्धका प्रथम शिष्य हुनभएको थियो; त्यसरी नै यिनी भिक्षु सुभद्र अन्तिम शिष्य हुनुभयो । भिक्षु सुभद्र धर्मविनयमा मेहनत तथा कोसिस गरे थोरै समयमा नै अर्हन्त हुनुभयो ।

त्यसपछि भगवान् बुद्धले भिक्षुहरूलाई धर्म-विनय सम्बन्धी शङ्का भएमा सोध्ने अन्तिम मौका दिनुभयो । तर त्यसबेला बुद्ध, धर्म र संघ उपर शङ्का भएका कोही एकजना पनि निस्केन । अनि वहाँले अझ एकचोटि अन्तिम रूपमा भिक्षुसंघलाई आज्ञा हुनुभयो - "भिक्षुहरू हो ! तिमीहरूलाई यो मेरो अन्तिम वचन हो । सबै संस्कार नाशवान् हुन् । नाश भएर जानु स्वाभाविक हो । तिमीहरूले अप्रमादी भई मुक्ति प्राप्त गर ।"



८० वर्षको उमेरमा वैशाख पूर्णिमाको रातको अन्तिम याममा सम्यक् सम्बुद्ध महापरिनिर्वाण हुनुभयो

त्यसपछि भगवान् बुद्ध क्रमशः समापत्तिमा समाधिस्थ हुनुभयो । त्यसबाट उठ्नुभयो । अनि चतुर्थ ध्यानमा पुगेर त्यहाँबाट निर्वाण धातुमा स्कन्ध निरोध हुनुभयो । वहाँ अब यस लोकमा अथवा अरू लोकमा कतै पनि फेरि उत्पन्न हुनुहुने छैन । ८० वर्षको उमेरमा वैशाख पूर्णिमाको रातको अन्तिम याममा सम्यक् सम्बुद्ध महापरिनिर्वाण हुनुभयो । यसप्रकार एशियाका ज्योति शाक्यमुनि बुद्धका जीवनगाथा समाप्त भयो । तर धर्मले अर्थात वहाँले सिकाई जानुभएका उपदेश र मुक्तिको मार्गबाट अझै करोडौं जनताहरूलाई आशा तथा मुक्ति प्रदान गरिरहेको छ । ■ *अनुवादक : भिक्षु विपस्सी*



Downloaded from http://www.dhamma.digital

# समन्वय नभएपनि सहिष्णुता चाहियो

✍ भिक्षु अश्वघोष

केही वर्ष पहिले धर्मकीर्ति अध्ययन गोष्ठीको आयोजनामा 'नेपालमा बुद्ध धर्मको वर्तमान परिस्थिति र समन्वय' विषयक विचार गोष्ठी भएको थियो । उक्त गोष्ठीमा केही वक्ताहरूले नेपालमा बौद्ध शिक्षा (धर्म) प्रचारको लागि समन्वयवाद अपनाउनु पर्ने विचार प्रकट गरे । त्यसपछि पालिसाहित्यका विद्वान अयोध्याप्रसादजीले भन्नुभएको थियो- हिन्दू-हिन्दू धर्मकाबीच समन्वय हुनसक्छ, महायान-महायानबीच समन्वय हुनसक्छ, थेर वाद-थेरवादबीच समन्वय हुनसक्छ, तर थेरवाद र महायान तथा हिन्दू धर्मबीच समन्वय हुन सक्दैन । सहिष्णुता मात्र हुनसक्छ ।

अयोध्याजीको विचार मलाई ठीक लाग्यो । तर मेरो विचारमा थेरवाद-थेरवादबीच पनि समन्वय हुन गाऱ्हो भइरहेको छ । समन्वय हुनको लागि समझदारी हुनु आवश्यक छ, पूर्वाग्रही हुनुहुँदैन । थेरवाद-थेरवादबीच समन्वय र समझदारी नभएकाले बुद्ध परिनिर्वाण (मृत्यु) पछि तीन महिनामा प्रथम संगायन (भिक्षुहरूको सम्मेलन) भएको थियो ।

बुद्ध परिनिर्वाणको सय वर्षपछि द्वितीय संगायना भएको थियो । त्यसताका बैशालीका भिक्षुहरूले केही नियम फेर्नुपऱ्यो भनी यस्तो प्रस्ताव ल्याए- सिङमा नुन राखेर भ्रमण गर्नुहुन्छ, मध्यान्हमा दुई अंगुल घाम लागेपछि अर्थात् १२ बजे पछि मोही खानु हुन्छ, रूपैया पैसा लिएर भ्रमण गर्नुहुन्छ इत्यादि । तर यी प्रस्तावहरूलाई भिक्षु संघले अस्वीकृत गरिदियो । फलस्वरूप हजारौं भिक्षुहरू अलग भएर महासांघिक नाममा साम्प्रदायिक संगठन जन्म्यो । पछि गएर त्यही महायानको रूपमा प्रकट भयो । स्मरण रहोस्, बुद्धपछि भिक्षुहरूको नेतृत्वमा प्रचार भइरहेको धर्म नै थेरवाद हो । तर, यो कट्टरपन्थीको रूपमा देखापऱ्यो । वैशाली भिक्षुहरूले राखेको दशवटा प्रस्तावलाई अस्वीकृत गरेपनि हालका धेरैजसो थेरवादी भिक्षुहरूले जाँड खाने बाहेक अरू जम्मै व्यवहार प्रयोगमा ल्याइसके ।

बुद्ध परिनिर्वाणको दुईसय वर्षपछि अशोक राजाको पालामा फेरि थेरवादी भिक्षुहरूमा भद्रगोल शुरू भयो । अनि तृतीय संगायना गरेर हजारौं भिक्षुहरूलाई भिक्षुसंघबाट निष्कासित गरियो ।

समन्वय र सहिष्णुता सारै राम्रा शब्दहरू हुन् । तर समन्वय हुनलाई बुद्धको शिक्षा अनुसार, मैत्रीपूर्वक कुरा गर्नु, सोच्नु र काम गर्नुपर्छ । पूर्वाग्रही हुनुहुँदैन । उदाहरणको लागि वर्तमान राजनीतिमा पार्टी-पार्टी बीच मेलमिलाप र समन्वयका कुरो भैरहेका छन् तर परिणाम शून्य ।

जनतामा चाहिं समन्वय र सहिष्णुता देखिन्छ । हिन्दूहरू बौद्ध मन्दिरहरूमा गएर पूजा गर्छन् । बौद्धहरू हिन्दू मन्दिरमा गएर पूजाआजा गर्छन् । भिक्षुहरूलाई निमन्त्रणा दिएर भोजन ख्वाएर दान दिन्छन् । हिन्दू र मुस्लिम बीच कहिले काहिं झगडा भएको सुनिन्छ, तर हिन्दू बौद्ध बीच त्यस्तो छैन । तर, सरकारीस्तरमा नेपाललाई हिन्दूराष्ट्र घोषित गरेर बौद्ध, जैन र शिख धर्महरू हिन्दू धर्मको शाखा हुन् भन्ने प्रचार गर्दा असहिष्णुताको वातावरण फैलिएको छ । गोरखा जिल्लामा युवा वर्गले बौद्ध जागरण शिविरको आयोजना गरेका थिए । त्यहाँका सरकारी पदाधिकारहिरूले उनीहरूलाई धम्की दिए- भिक्षुहरूले प्रचार गरिरहेको धर्म नास्तिक हो, त्यसमा नलाग । तिमीहरूलाई जागिर खानु छ भने थेरवाद धर्ममा नलाग । यसरी बौद्ध जागरणमा शिविरलाई बिथोलियो । यस्तो वातावरणमा समन्वयको त के कुरा सहिष्णुता हुनु पनि गाऱ्हो छ ।

थेरवाद-थेरवाद बीच समन्वय हुन नसक्ने अर्को कुरा छ, थेरवादमा भिक्षुणी संघ लोप भएको छ । श्रीलंकामा आजभोलि महिलालाई समान अधिकार दिनुपऱ्यो, भिक्षुणी बनाउनु पऱ्यो भन्दै नयाँ पूस्ताका भिक्षुहरूले आवाज उठाएका छन् । तर कट्टरपन्थी थेरवादी भिक्षुहरू महिलालाई भिक्षुणी बनाउन



Downloaded from http://www.dhamma.digital

तयार छैनन् । यस्तो अवस्थामा थेरवाद-थेरवाद बीच कसरी समन्वय हुने ?

बरू थेरवाद र महायान बीच समन्वयको वातावरण राम्रो भैरहेको छ । महायानी देश चीन, जापान र मंगोलियाले थेरवादी भिक्षुहरूलाई निमन्त्रणा दिएर धुमधामसँग स्वागत, सम्मान गर्ने गर्छन् । यो समन्वय र सहिष्णुताको ज्वलन्त उदाहरण हो ।

स्मरणीय छ, महायान, थेरवाद र बज्रयान बीच कहिले पनि झै-झगडा भएको छैन, अझ पहिले भन्दा सहिष्णुता बढिरहेछ । यो शुभलक्षण हो । बज्रयानीहरूमा परिवर्तनको लक्षण र पूर्वाग्रही भाव कम हुँदैछ ।

मैले हालसालै अमेरिकामा भएको अन्तरधार्मिक विश्व शान्ति सम्मेलनमा भाग लिएको थिएँ । त्यहाँ संसारका सबै धर्मका नेताहरू भेला भएका थिए । सबै धर्मालम्बीहरूसंग परस्पर हात मिलाएर कुरा गर्दाखेरि अनौठो सहिष्णुताको वातावरण उत्पन्न भएको अनुभव भयो । त्यहाँ त साम्प्रदायिकतालाई बिर्सेको जस्तो लाग्यो । तसर्थ समन्वय नभए पनि सहिष्णुता त हुनसक्छ जस्तो मलाई लाग्छ । ■

## धम्मपद-१०३

✍ रीना तुलाधर

**यो अप्प दुट्ठस्स नरस्स दुस्सति**
**सुद्धस्स पोसस्स अनङ्गणस्स**
**तमे व बालं पच्चेति पापं**
**सुखुमो रजो पटिवातं व खित्तो**

**अर्थ-** हावा आईरहेको दिशातिर धूलो फ्याँक्दा त्यो धूलो फेरि आफैतिर लाग्न आउने जस्तै निर्दोषी, शुद्ध, निक्लेशीहरूलाई दोषारोपन गरेको नराम्रो फल आफैलाई पर्न आउँछ ।

**घटना-** बुद्धकालीन समयमा कुकुरहरूलाई पालेर कुकुरहरू सँगै जंगलमा शिकार गर्न जाने कोक नाउँ गरेको एउटा शिकारी थियो । त्यो शिकारीले एक दिन शिकारको लागि जाँदा बाटोमा एउटा भिक्षुलाई देखे । भिक्षुप्रति श्रद्धा नभएको कारणले उसले यसरी सोचे- "आज यस अलक्षिणलाई देखेकोले मैले आज केही प्राप्त गर्न सक्दिन होला ।" उसले सोचे जस्तै संजोगवश त्यो दिन कोक शिकारीलाई एउटा पनि शिकार प्राप्त भएन । फर्केर आउँदा पनि भिक्षाटनबाट फर्केर आएको त्यही भिक्षुलाई शिकारीले भेटे । "यही अलक्षिणले गर्दा आज मलाई केही प्राप्त भएन" भनी ठानी रीसले चूर भएर आफ्ना कुकुरहरूलाई भिक्षुलाई टोक्नु भनेर छोडीदिए । भिक्षु कुकुरहरूदेखि भागेर एउटा रुख माथि चढ्यो । शिकारीले वाणको चुच्चोले भिक्षुलाई पाऊमा घोची घोची यातना दिन थाले । भिक्षुले पाऊमा घोचेकोले कष्ट भएर सहन सकेन । आफ्नो जिऊको चीवर पनि वेदना भईरहेको कारणले सम्हाल्न सकेन । यस्तैमा भिक्षुले लगाईराखेको चीवर फुस्केर रुखबाट तल खसेर त्यही शिकारीको जिऊमा पऱ्यो । पहेंलो चीवरले ढाकेकोले कुकुरहरूले रुख माथि चढीराखेको भिक्षु नै खसेको हो भनी ठानी आफ्नै मालिकलाई लुछाचुँड गरीकन टोकेर मारी दियो । भिक्षुले माथिबाट रुखको हाँगा एउटाले कुकुरलाई हानी दिंदाखेर कुकुरहरूले आफ्नै मालिक परेछ भनी थाहा पाई त्यहाँबाट भागे ।

यो सब घटना भएपछि भिक्षुलाई शिकारी मरेकोले दया लाग्यो र आफ्नो कारणले शिकारी मऱ्यो भनी यसबाट आफ्नो शील बिग्रेको ठहरिन्छ कि भन्ने मनमा शंका पनि लाग्यो । यही शंका लिएर भगवान बुद्ध कहाँ भेट्न गएर वृतान्त कुरा सुनाए । भगवान बुद्धले उनलाई सान्त्वना दिंदै भन्नुभयो - "भिक्षु ! तिम्रो शील पवित्रै छ । तिम्रो श्रमण भाव पनि यथावत कायम नै छ । यसमा तिम्रो दोष ठहरिन्न । शिकारीले दोष नभएको माथि त्यस्तो दुस्कर्म गरेकोले आफ्नै विनाश भएर गयो ।" यसरी भन्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# वार्ता गर्न योग्य को ?

✍ भिक्षु सुशील

कुराकानी, छलफल, वार्ता, प्रश्न-उत्तर गर्नु मानवीय स्वभाव हो । मानवीय स्वभाव मात्र भनेर यसलाई सीमित नगरी हामी कुराकानी गर्नु प्राणि मात्रको स्वभाव हो पनि भन्न सक्छौं । चेतनशील प्रत्येक प्राणि एक-आपसमा संवेदना आदान-प्रदान गर्न शब्द बोलि-संकेट वा हाऊ-भाऊलाई माध्यम बनाएर कुराकानी गर्ने गर्दछन्, आफूलाई प्रकट गर्ने गर्दछन्, हृदयका भावहरू व्यक्त गर्दछन् । मानिस इतर अन्य प्राणिहरू, जो कल्पना गर्न सक्दैनन्, सोच्न सक्दैनन् तिनीहरूका निमित्त कुराकानी केवल सूचना प्रदान गर्नु सुरक्षाको निमित्त सतर्क तुल्याउनु इत्यादिमा सीमित रहे तापनि मानिसका लागि कुराकानी गर्नु विभिन्न कारणले महत्वपूर्ण छ । यसर्थ, मानिसले मानिससंग कुराकानी गर्दा, प्रश्न-उत्तर गर्दा कुनै बेला बहुतै सतर्क-होसियार हुनु पर्दछ त कुनै बेला त्यस्तो सतर्कताको दरकार नरहन पनि सक्छ । तथापि, उद्देश्य प्राप्तिको दृष्टिबाट हेर्दा, निर्दिष्ट विषयमा कुराकानी गर्दा कुराकानी गर्न योग्य वा अयोग्य व्यक्तिको निक्यौंल भने जो कोहिले पनि गर्ने गर्दछन् नै । यसैले, उपरोक्त कुरामा सघाउ पुग्नेछ अथवा त्यस्तो कुराको जानकारी चाहनेहरूका निमित्त सहयोग पुग्नेछ भन्ने अभिप्रायले प्रस्तुत छ- कुराकानी गर्न योग्य एवं अयोग्यको छनौट गर्न सहायक हुने कुरा

- कुराकानी तीन काल बारे गरिन्छ, जस्तो भूत कालको सम्बन्धमा, वर्तमान कालको सम्बन्धमा, भविष्यत् कालको सम्बन्धमा,
- कुराकानी गर्दा सो व्यक्ति कुराकानी गर्न योग्य छ वा छैन भनी थाहा पाउने कसरी ?

१. यदि कोहि मानिस प्रश्न गर्दा –
- 'हो अथवा होइन' भनी उत्तर दिनु पर्नेमा 'हो अथवा होइन' मा उत्तर दिने गर्दैन,
- खण्ड-खण्डमा विभाजन गरी उत्तर दिनु पर्नेमा खण्ड-खण्डमा विभाजन गरी उत्तर दिने गर्दैन,
- प्रति प्रश्न गरेर उत्तर दिनुपर्ने स्थानमा प्रति-प्रश्न गरेर उत्तर दिने गर्दैन,
- उत्तर दिनु नपर्ने प्रश्नको उत्तर दिने गर्छ, भने
- त्यस्तो मानिस कुराकानी गर्न योग्य हुँदैन ।

२. यदि कोहि मानिस प्रश्न गर्दा-
'हो अथवा होइन' भनी उत्तर दिनु पर्नेमा "हो अथवा होइन" मा नै उत्तर दिने गर्छ,
- खण्ड-खण्ड विभाजन गरी उत्तर दिनुपर्नेमा खण्ड-खण्ड गरेर नै उत्तर दिने गर्छ,
- प्रति प्रश्न गरेर उत्तर दिनुपर्ने स्थानमा प्रति प्रश्न गरेर नै उत्तर दिने गर्छ,
- उत्तर दिनु नपर्ने प्रश्नको उत्तर दिने गर्दैन, भने
- त्यस्तो मानिस कुराकानी गर्न योग्य हुन्छ ।

३. यदि कोहि मानिस प्रश्न गर्दा-
- आफ्नो कुरा-भनाईमा स्थिर रहँदैन,
- कुनै प्रश्न अथवा उत्तरमा अडिग रहँदैन,
- आफ्नो मत (धारणा) मा अडिग रहँदैन,
- प्रश्न गर्नको निमित्त स्थान र समय उचित छ अथवा छैन भन्ने कुराको सम्बन्धमा विवेक पुऱ्याउँदैन, भने
- त्यस्तो मानिस कुराकानी गर्न अयोग्य हुन्छ ।

४. यदि कोहि मानिस प्रश्न गर्दा-
- आफ्नो कुरा-भनाईमा स्थिर रहन्छ,
- कुनै प्रश्न अथवा उत्तरमा अडिग रहन्छ,
- आफ्नो मत (धारणा) मा अडिग रहन्छ,
- प्रश्न गर्नको निमित्त स्थान र समय उचित छ अथवा छैन भन्ने कुराको सम्बन्धमा विवेक पुऱ्याउँछ, भने
- त्यस्तो मानिस कुराकानी गर्न योग्य हुन्छ ।

५. यदि कोहि मानिस प्रश्न गर्दा-
- असम्वन्धित कुरा गर्छ,
- प्रश्न भन्दा बाहिरको कुरा गर्छ,
- कोप हुन्छ, द्वेष र असन्तोष प्रकट गर्छ, भने
- त्यस्तो मानिस कुराकानी गर्न योग्य हुँदैन ।

६. यदि कोहि मानिस प्रश्न गर्दा-
- असम्बन्धित कुरा गर्दैन,
- प्रश्न भन्दा बाहिरको कुरा गर्दैन,
- कोप हुँदैन, द्वेष एवं असन्तोष प्रकट गर्दैन, भने
- त्यस्तो मानिस कुराकानी गर्न योग्य हुन्छ ।

७. यदि कोहि मानिस प्रश्न गर्दा-
- यत्र-तत्रका सूत्रहरू उद्धृत गर्ने गर्दछ,
- सूत्रहरू उद्धृत गरेर प्रश्नलाई दबाउन खोज्छ,
- (वार्ता हुँदै गर्दा हुन जाने रिक्त समयमा) तालि बजाएर, हाई गरेर खिस्सि गर्ने, उपेक्षा गर्ने गर्छ,भने
- त्यस्तो मानिस कुराकानी गर्न योग्य हुँदैन ।

८. यदि कोहि मानिस प्रश्न गर्दा-
- यत्र-तत्रका सूत्रहरू उद्धृत गर्ने गर्दैन,
- सूत्रहरू उद्धृत गरेर प्रश्नलाई दबाउन खोज्दैन,
- (वार्ता हुँदै गर्दा हुन जाने रिक्त समयमा) तालि बजाएर, हाई गरेर खिस्सि गर्ने, उपेक्षा गर्ने गर्दैन, भने
- त्यस्तो मानिस कुराकानी गर्न योग्य हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# होश नहुँदा

✍ संघाराम-संघरक्षित

युवा बौद्ध समूहको परिवार साथ लुम्बिनीको यात्रा सकाई हातमा झोला भिरेर तेजीलो अनुहार र प्रशन्न चित्तले म आफ्नो निवास स्थान संघाराम विहारमा फर्कन्छु। - सबै यात्रीहरूको मंगलमय कामना गर्दै। यात्राको दौरानमा थकाईको महशूस गर्दै हत्तारिदैं आराम लिने धूनमा कोठाको ढोका खोल्न पुग्छु तर ढोका खुल्दै खुल्दैन। हेर्छु त बन्द ताल्चा लहलह झल्दै मलाई गिज्याइ रहेको। आश्चर्य त तब भयो, जब ताल्चा खोल्न साँचो निकाल्दा साँचो नै अर्कै परेछ। के भएको यो ? आफ्नो सयनकक्षको साँचो कसरी मसंग भएन ? शायद यात्राको क्रममा हराएर पो आएछु कि ? भन्ने तर्कनाले सताउन थाल्यो। लुम्बिनीको भ्रमणबाट गद्‌गद भएको मनमा नैराष्यताको कालो बादलले बिस्तारै थाहै नपाउने गरी छोप्न थाल्यो । अनि साँचोको खोजीमा यताउता भौंतारिन थालें। निरर्थक! कहिं कतै पनि फेला पार्न सकिन। पाओस् पनि कसरी ? उक्त कोठाको साँचो त म लुम्बिनी जानु अघि मैले मेरो कोठा सँगैको भन्तेलाई दिएर गएको थिएँ। कस्तो सुद्धि मेरो! एकचोटि त आफूले आफैलाई खूब धिक्कार्दै गाली गरें-"थोत्रो दिमाग मेरो....."। आफ्नो यस बेहोशीपना देखी मनमनै लाज पनि लाग्यो। आफ्नो वरिपरि कोही नभएकोले पो त नभए कस्तो हालत हुन्थ्यो होला मेरो। पाठकहरू स्वयं अडकल लगाउन सक्नुहुनेछ।

अनि आफूसंग भएको एउटा झोला पनि कोठा सामुन्नेको मेचमा थन्काउँदै साँचोको खोजिमा म जलपान गृहतिर लागें। किनभने अहिले जलपानको समय थियो। त्यसैले भन्तेपनि त्यतैतिर हुनुहुनेछ भन्ने निश्चय थियो । त्यहाँ पुग्छु त सबका सब जलपान गर्नमा मस्त । आफू त झन १८,१९ घण्टा देखिको भोको । भोकले नसताओस्, पनि कसरी ? त्यसैले आफू त्यहाँ पुगेको उद्देश्य नै भुली आफू पनि आरामसंग मीठो मान्दै जलपान गर्न थाल्छु । एकछिन पछि भन्तेले कोठाको साँचो मतिर बढाउनुहुँदा पो झसंङ्ग भएँ । कसरी सजिलैसित आफ्नो उद्देश्य भुली अर्कै धुनमा भुलेछु म। मैले महशूस गरें उद्देश्य बिर्सनु मान्छेको सबभन्दा ठूलो गल्ती हो । तसर्थ जलपान समाप्तिको लगत्तै पश्चात हातमा साँचो घुमाउँदै मनमनै गुन्गुनाउँदै मस्त चालमा आफ्नो कोठातिर पाइला बढाएँ। झोला आफ्नो कोठा भित्र राखी विहानीको चीसोबाट मुक्ति पाउन ढोका लगाउन पुग्छु। आफ्नो खाटमा बस्न पनि पाएको हुँदैन साँचो ढोकामै झुण्डिरहेको देखें। साँचो भित्र राख्न भनी साँचो लिन खोज्दा झसंग भएँ साँचो त केही हलुङ्गो हुनुको साथै त्यसमा केही नपुग भएको अनुभव भयो । आफ्नो दृष्टि साँचोमा पुऱ्याउँछु त अचम्म ! साँचोमा सँधै झुण्डीरहने बुद्धको राम्रो लकेट नै गायब । विहानीको चीसो हावाबाट मुक्ति पाउने आशाले ओछ्यानमा केही बेर आराम लिने चाहनालाई पनि त्यागी बुद्ध लकेट खोज्न हत्तारिदै म अघि आएको मार्गलाई नियाल्दै अगाडि बढ्न थाल्छु। मेरो प्यारो लकेट खोज्ने धुनमा म यति मस्त थिएँ, विहानको सिरेटो चीसोले समेत मलाई केही असर पार्न सकेन । बाटाका वरीपरी घाँस र घाँसमाथि हीरा झैं चम्किरहेका शीतका थोपाहरूलाई मेरा खुट्टाका कठोर प्रहारबाट चकनाचूर पार्दै म आफ्नो प्रिय लकेट खोज्नमा व्यस्त थिएँ।

विशेष गरी हराइएको बुद्ध लकेट मेरो गुरु अश्वघोष भन्तेबाट मैले उपहारको रुपमा पाएको हुँदा म उक्त लकेटबाट बञ्चित हुन कदापि चाहन्नथें । कुनै हालतमा पनि । त्यसैले त मैले काठमाडौंको यस कठ्याङ्ग्रिएको जाडोलाई पनि जँड्याहाहरूले जाँड पचाए जस्तै पचाईकन लकेटको खोजीमा व्यस्त भएको। शिद्धार्थ कुमारले त्यत्रो अमूल्य "बोधिज्ञान" त आफ्नो कठोर परिश्रमले प्राप्त गर्न सफल हुनभयो भने मेरो त मात्र एउटा लकेटको खोजी । कतिञ्जेल लुकेर मेरो नजरबाट बच्न सकोस् त्यस लकेट । मेरो त्यत्रो निरन्तरको अथक प्रयासले एकैछिनमा बाटोको एक छेउमा लुकिराखेको बुद्ध लकेट फेला पार्न सफल भइयो। लकेट प्राप्तिको आनन्दको अनुभूति संगै एक्कासि फेरि मेरो मनले चीसोको अनुभव गर्न थाल्यो । तब म हत्तारिदै आफ्नो सयनकक्षतिर लम्किएँ।



Downloaded from http://www.dhamma.digital

अरु बाह्य चीजबस्तुहरू त आफ्नो बाधक बन्यो- बन्यो, तर आफैले लगाएको (चीवर) लुगाले नै मेरो मार्गमा अवरोध बनी जिस्क्याउँदो रहेछ। कुरो के हो भने छिटो छिटो हिंडेको कारणले आफ्नो चीवर नै पाइला अल्मलिएर कुल्चिन पुगेछु। फलस्वरुप धल्मलिदै जोडले भुइँमा बज्रिन पुगें। तर भाग्यले मैले हातले टेक्न पुगेको हुँदा शरीरमा कुनै प्रकारका हानी वा नोक्सानी हुन पाएन। तर हातले टेक्न पुगेको हुँदा घाँसको शीतले हात भिजी चिसोले नराम्ररी सतायो। त्यसैले चीसोबाट बच्न आफ्ना दुबै हातहरू एक आपसमा रगड्दै कोठाभित्र पसी ओछ्यानमा गुटमुटिएर सुत्न पुगें। कतिखेर निन्द्रादेवीको काखमा पुगेंछु होशै भएन। यसरी म गहन बेहोशीको सागरमा डुबुल्कि मार्दै न्यानो सपनामा मस्त भएं। अनि बुद्धले उपदेश दिनु भएको सतिपट्ठान सूत्रको महत्त्व झलझल सम्झन पुग्छु। "सधैं होशियार बन्नु पर्छ" भन्ने बुद्धको शिक्षा आफ्नो जीवनको हरेक क्षेत्रमा काम लाग्दो रहेछ। ■

## धर्म व दर्शन

✎ *आरती रंजीत, पद्म सुगन्ध विहार*

छु सयेकेगु यदि दर्शन ब्वन धा:सा
गुकियात फिलोसफी धाइ
थ:त मा:गु धर्म हे छुते जुलकि
छाय धा:सा गुलि गुली ब्वन उलि उली हे बुलुइगु
ल्याखायगु मदुगु ल्या खाय् मा:गु
पति पति याना अन्दाज याय मा:गु
उपमा बिया अनुमान याना न बुलुया हे च्वनीगु
फल वयूवं मिखा तिस्सिना स्वीकार याये मा:गु

बैज्ञानिक धंगं धर्म सयेकेवं
धर्मयात छल्लंग खंका काय फैगु
ल्याखायगु तोता मने स्वेसलकि
स्वयेगुलि चतूर्म्ह दुहाँवने फैगु
हेतु व फल विषय बाँलाक खनीगु
न्ह्यस:या लिस: उकिं हे छुते जुइक क्यनीगु
गुकियात आचरण याना यंकुगुलिं ख:

## "गामणी चण्ड"

✎ **श्रा. सुमन कीर्ति**
श्री कीर्ति विहार, कीर्तिपूर

थ्व चण्ड गामणी छम्ह,
श्रावस्ती ख: च्वनिम्ह व।
मखु गरीव थें उम्ह,
धाय्फु झीसं वयात छाय् ?
त:गु मखु सुनानं नां,
तया नां धर्मया किपां।
नां च्वन व मनूया ज्यां,
गामणी ख: वया प्रज्ञां॥
नगरे अन नां जाम्ह,
त:मी जुया व छाय् खना ?
व अन ख: धर्मात्मम्ह,
सीका बुद्धयात च्वना॥
श्रावस्ती बुद्ध बिज्याना,
च्वना विज्याबले खना॥
वया ब्वाँ खँ छुं न्यनेत,
न्यन छु वं अनच्वना॥
थ:त लिस: न्ह्यथना वं,
धा:गु ख: चण्डया छुनां ?
बिल लिस: थथे नापं,
अले छाय् सुशील्य नां ?
धया बिज्यात याइम्हं,
ख: वं ज्या याइ कोपम्ह।
ख: न्है चण्ड वहे छम्ह,
जुया च्वन चन्दालिम्ह॥
मखु धाइ सुशील्यम्ह,
यक्व हे भिंम्ह ख: छम्ह।
धाइ वयात बाँलाम्ह,
कोप ज्या मखु याइम्ह॥

■



Downloaded from http://www.dhamma.digital

# बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविरको अनुभव

**(दोश्रो जिल्ला व्यापी - २०५४ कार्तिक २४ गते- ३० गते सम्म)**

✍ **ङवाङ रीग्जीन लामा (धन योञ्जन)**

बुद्ध शिक्षा अनुसार मानिसको परम विमुक्ति निर्वाण हो। सारा दु:खलाई हटाउन निर्वाणलाई अवबोध गरिलिनु पर्छ। यो बुद्धको शिक्षा हो। वर्तमान युगलाई बैज्ञानिक युग भनिन्छ। तर अफशोच, मानवताका लागि विज्ञान नभई विज्ञानका लागि मानव भइदिएकोले विश्व जगत अहिले प्रलय विध्वंश विनाशतिर उन्मुख हुँदै गइरहेको देखिन्छ। तसर्थ आज विश्वभरमा अज्ञानताले छाएको देखिन्छ। यस भवसागरमा जन्म लिएका कीरा फट्यांग्रा देखि लिएर विवेकशील, चेतनशील प्राणी मानिसहरूलाई समेत सांसारिक दु:खले घेरिएको छ। यहाँ हरेक प्राणीहरू दु:खबाट छुटकारा पाउन चाहन्छन्। यी सबै प्राणीहरू मध्ये मानिसहरू नै विवेकशील, चेतनशील प्राणी हो जसले पूर्व जन्महरूमा हजारौं लाखौं जन्महरू पार गरी अमूल्य मानव देह पाएको छ। यस अमूल्य मानव जीवनले सही मार्ग दर्शन पाएर जीवन सार्थक पार्न सकुन् भनी विश्वमा फेरि एक पटक आध्यात्मिक क्रान्ति फैलियोस्, सम्पूर्ण प्राणीले सांसारिक दु:खबाट छुटकारा पाउन सकुन् भन्ने उद्देश्य लिएर आज यो दुर्गम सेवा समाज तथा हिमाली बौद्ध कूल परम्परा संस्था खडा भएको छ। त्यसरी नै शान्ति कसरी पाउन सकिन्छ भन्ने विषयमा यही २०५४ कार्तिक २४ गते देखि ३० गते सम्म ७ दिने बौद्ध जागरण प्रशिक्षण शिविर सम्त्यन छोस्लिङ्ग गोम्पा ढुंगे ४ श्यामा दोलखा जिल्लामा संचालन भएको छ।

सर्वप्रथम दोलखा जिल्ला क्षेत्र नं २ का सांसदज्यू वाङछु शेर्पाले झण्डोत्तोलनका साथै दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको सो कार्यक्रममा बौद्ध बाजा गाजा सहित लामा गुरुहरूबाट मंगलोच्चारण भयो। स्थानिय गा.वि.स. उपाध्यक्ष ङिमा लामाले केही शब्द बोल्नु भई अगाडि बढाउनु भएको कार्यक्रममा भिक्षु जटिल तथा अन्य बिद्वान बुद्धिजीवि वर्गहरू सबै सहभागी हुनुभएका थिए।

आफ्नो मन्तब्य ब्यक्त गर्ने क्रममा सांसदज्यू वाङछु शेर्पाले भन्नुभयो- "लामाहरूले गुम्बामा मात्र बसेर पुग्दैन, वहाँहरूले आफैमा बौद्ध जागरण ल्याई समाजमा देखा परेका विकृतीहरूलाई हटाई सुमार्गको बाटो देखाउनु परेको छ।"

कार्यक्रमका प्रशिक्षक भिक्षु ङवाङ वोसेर लामाज्यूबाट सहभागीहरूलाई पञ्चशील प्रार्थना गराउनु भई पञ्चशीलको विषयमा प्रशिक्षण दिनुभयो भने भिक्षु जटिलले बुद्ध शिक्षाको व्यावहारिक पक्षको विषयमा प्रकाश पार्नु हुँदै बुद्ध जन्मेको देश नेपालमा बुद्धको शिक्षा प्रचार प्रसार हुन नसक्नु र बिदेशी धर्म लगायत सत्तामा रहने राजनीतिक दवावले गर्दा नेपालीहरू बौद्ध धर्म सम्बन्धी धेरै पछाडी परेको कुरामा खेद प्रकट गर्नुभयो। अन्त्यमा प्रशिक्षक विपेन्द्र महर्जनले विभिन्न महत्त्वपूर्ण बौद्ध जातकहरू बारे प्रकाश पार्नुभयो।

शिविरको दोश्रो दिनमा सम्पूर्ण लामाहरूबाट कंग्युर, बुद्धबचन, सूत्रपाठ गरियो। प्रशिक्षक हर्षमुनी शाक्यले बौद्ध धर्म र जनजाती विषयमा प्रकाश पार्नु भयो भने अन्त्यमा प्रशिक्षक जनक नेवाले बौद्ध निकाय सम्बन्धी महत्त्वपूर्ण उदाहरण प्रस्तुत गर्नुभयो।

तेश्रो दिनको शिविरमा प्रशिक्षक खेन्पो ङवाङ वोसेर लामाज्यूले चित्ततिलक पूर्वाभ्यास सम्बन्धि शैद्धान्तिक रुपमा स्पष्ट गराउनु हुँदै केही समय चित्ततिकल पूर्वाभ्यास ध्यान गराउनुभयो। अन्त्यमा लामा तथा भिक्षुज्यूबाट धर्मदेशना, प्रवचन र अन्य विद्वान बुद्धिजीविहरूबाट बौद्ध जागरण सम्बन्धी प्रकाश पारियो।

अन्त्यमा शिविरका प्रशिक्षार्थीहरूलाई भिक्षु जटिलबाट प्रमाण पत्र वितरण गरी शिवीर समापन गरियो।



Downloaded from http://www.dhamma.digital

यसरी सर्वप्रथम म मेरो श्रद्धेय गुरुज्यू भिक्षु ङवाङ वोसेर लामाज्यू प्रति श्रद्धा व्यक्त गर्न चाहन्छु । किनभने मैले उहाँको कृपाले शिविरमा सहभागी हुने मौका पाई आध्यात्मिक ज्ञान बुझ्ने अवसर प्राप्त गरें । मेरा श्रद्धेय गुरुज्यू संगको अचानक भेटको कारणबाट नै मेरो जीवनको गोरेटो बाटो बदलेको छ । अब त मेरो जीवनको पनि एक खास लक्ष रहेछ र मानिस भएर मैले गर्नुपर्ने कार्य धेरै बाँकि रहेछ भन्ने अनुभव हुन थाल्यो म अब निराशाबादी होइन आशावादी भएको छु । म सँधैं यही प्रार्थना गर्छु कि यही जीवनमा मैले पुण्य कार्य गरी मेरा श्रद्धेय गुरुज्यूको ऋण चुक्ता गर्न सकुँ । मलाई अब एउटै मात्र चिन्ता रहेको छ कि मेरा श्रद्धेय गुरुज्यूको छत्र छाँयामा रही यस जीवनमा उत्तम कार्यहरू गरी मानव जीवन सार्थक पार्न सकुँ र त्रिरत्नको शरणमा पर्दै मेरा सारा बाँकी जीवन यसैमा समर्पण गर्ने दृढ संकल्प गर्दछु ।

यस शिविरमा भाग लिई मैले धेरै लाभप्रद ज्ञानहरू सिक्ने मौका पाएँ र आफुलाई बेहोशीपनाबाट निकाली होशियारी बनाउने मौका प्राप्त गरें । विश्व जगत अहिले प्रलय र विध्वंशतिर उन्मुख हुँदै गएको विकट परिस्थितीमा यस प्रकारको शिक्षाप्रद शिविर निरन्तर चलाइरहन सकेमा जनमानसमा आध्यात्मिक क्रान्ति जाग्न सक्नेछ । यसरी लोकहितको लागि स्थापना भएको दुर्गम सेवा समाज तथा हिमाली बौद्ध कुल परम्परा संस्थाले भविष्यमा विश्वका सामू नै ठूलो भूमिका खेल्न सकोस् ।

अहिले नेपालमा विशेष गरी दुर्गम क्षेत्र, पहाडका कुनाकाप्चाहरूमा समेत विदेशी छन फैलिरहेको छ र हाम्रा नेपाली अशिक्षित दाजुभाई दिदी वहिनीहरूले आफ्नो स्वधर्मलाई चिन्न नसकेर केही प्रलोभनमा परी विदेशी धर्मको अनुशरण गरिरहनु दुःखको विषय हुन पुगेको छ । यस गंभीर विषय राष्ट्रको जिम्मेवारी विषय हो । यस विकृतीलाई हटाउनका लागि पनि यस दुर्गम सेवा समाज संस्थाले ठाउँ ठाउँमा शिविर चलाउन आवश्यक देखिन्छ । ■

## त्यागन प्रणय लिऔं

✏ *हरि कृष्ण श्रेष्ठ, धरान १२*

हिमालको चिसो सिरोटो संगै ।
नेपालीको मायाँ गासेको छ ॥
गौतम बुद्धको ज्ञान संगै ।
विदेशी संग मायाँ गासेको छ ॥

मेची कोशी महाकालीले ।
दुई देशमा मितेरी ल्याएको छ ॥
त्यस्तै यस देशमा जन्मेकी ।
सीता र भृकुटीले दुई देशमा
नाता जोडेकी छ

माया ममता त भयो भयो ।
यस्को नाजायज फाईदा उठाउँदा ॥
एड्स जस्तो प्राण घातक रोग ।
देशमा भित्रीएको छ ॥

कुराले शान्ती भन्ने होइन ।
मनले शान्ती बनाउनु छ ॥
भुकेर होइन आज, अब हामी ।
गरेर समाजमा देखाउनु पर्छ ॥

त्यसैले हेर विश्वको प्राणी हो ।
मन, वचन, र कर्मले काम गरौं ॥
नराम्रा चलन चल्ती र विकृतीहरू ।
हामी सबैले त्यागन प्रणय लिऔं ॥

### धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सूचं

१. थ्वहे वइगु २०५४ फागुण [illegible] 23 गते शनिवाः खुन्हु निर्वाण मूर्ति उपासिकारामे, किण्डोले गोष्ठीया वार्षिक भेला जुइगु जूगुलिं सकल दुजःपिन्त जानकारी बियाच्वना । नापं इलय् हे थःगु सदस्यता नविकरण याना दीत व वार्षिक भेलाया नितिं नां दुतिनादीत नं इनाप यानाच्वना ।

२. थ्वहे वइगु २०५४ चैत्र १ गते निसें धम्मवती गुरूमां पाखें अभिधर्मया कक्षा न्ह्याइगु दु । कक्षाय् च्वने इच्छा दुपिसं स्वापू तयादिसँ ।

धर्मकीर्तिको ~~[illegible]~~ नयाँ फोन नं २५९४६६



Downloaded from http://www.dhamma.digital

# बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर, धरान

बहुजन हिताय, बहुजन सुखाय, देव मनुष्यको प्रयोजनको लागि गत पुस ११ गते देखि १७ गते सम्म हिमाली बौद्ध परम्परा कोष बौद्ध काठमाडौं र हिमालय महायान देक्षेन क्षोस्लिङ गोम्पा धरान १८ सुनसरीको संयुक्त आयोजनामा बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर संचालन भएको समाचार छ । श्री ५ महाराजाधिराज सरकारको दिर्घायुको कामना गर्दै भक्तजनहरू बौद्ध धर्ममा प्रवेश गर्ने द्वार त्रिशरण गमन र तन्त्रमा प्रवेश गर्ने द्वार अभिषेक भएको बारे बौद्ध धर्मावलम्बीहरूलाई बोध गराउने उद्देश्यले उक्त शिविर आयोजना गरेको कुरा आयोजक समितिबाट थाहा भएको छ। पूर्वाञ्चल क्षेत्रमा प्रथम पटक आयोजना गरेको अंचल व्यापी उक्त कार्यक्रममा प्रशिक्षक लामा भिक्षु ङवाङ्ग वोसेर शेर्पाज्यूले चार प्रकारका चित्त निवृत्ति अर्थात् क्षण संपत्ति रूपी दुर्लभ मानवदेव मरण-अनित्य, कर्म हेतुफल, सांसारिक दोष र "तैंतिसी बोधिचर्या" बारे ७ दिन सम्म प्रशिक्षण दिएको थियो । त्यसै गरी सोलुखुम्बु तेङपोक्षे गोम्पाको प्रमुख औतारी लामा ङवाङ तेञ्जीन जाङपोज्यूले परम्परागत ओङ (धार्मिक अभिषेक) प्रदान गर्नुभयो ।

समापन समारोहमा उठेको एक प्रश्नको उत्तर दिँदै औतारी लामाज्यूले तामाङ्गहरू नयाँ बौद्ध भन्न मिल्दैन । शेर्पाहरू हिमालको छेउमा (बौद्धधर्म धेरै प्रचार प्रसार भएको ठाउँमा) बसेकोले बौद्ध धर्मको बारे अलिक बढि जान्ने र तामाङ्गहरू तराईतिर बसेकोले अलि थोरै जानेको छ। प्रमुख अतिथीको आसनबाट बोल्दै औतारी लामाज्यूले जाँड र मासुको प्रयोग गरेर पूजा गर्ने चलन बौद्ध धर्मको परम्परा होइन। यसो गर्नु बौद्ध धर्मको विपरित हुनेछ भन्नुभयो। उक्त अवसरमा राष्ट्रिय सभाका भू.पु. सांसद इन्द्रखान लिम्बु, सम्यक शिक्षा स्वयम्भू चैत्यको प्रतिनिधी शेर्पा संघ सुनसरीको अध्यक्ष ङवांलोटो शेर्पा, नेपाल बौद्ध गोम्पाको प्रतिनिधी, हिमालय महायान रिनछेन क्षेस्लिङ गोम्पा, बुद्ध विहार र अन्य संघ संस्थाका प्रतिनिधीहरूले पनि बौद्ध जागरणको औचित्य बारे बोल्नुभयो ।

प्रशिक्षक ङवाङ वोशेर गुरुज्यूले भगवान बुद्धको सिद्धान्त बहुजन हित बहुजन सुखको लागि भएकोले हामीहरूले उहाँको शिद्धान्तको अनुशरण गर्छौं भन्नुभयो। एक प्रश्नको उत्तरमा गुरुज्यूले भन्नुभयो - "राई, लिम्बु, तामाङ्ग र शेर्पाहरू (मंगोल मूलका मानिसहरू) एउटै मुहानको पानी हो, पानी विभिन्न स्थानबाट बगेकोले नाम मात्र भिन्न भिन्न परेको हो । आखिर हामी सबै बौद्ध धर्मावलम्बीहरू नै हौं ।"

उक्त सप्ताहब्यापी कार्यक्रममा सुनसरी, झापा, मोरङ्ग, पाँचथर, ताप्लेजुङ्ग, खोटाङ्ग, ओखलढुंगा, उदयपुर, इलाम, धनकुटा, सप्तरी, दार्जिलिङ्ग, सिक्किम र विर पहाड सिलगुढी आदि स्थानहरूबाट प्रशिक्षार्थीहरूले भाग लिएका थिए । उक्त समारोहमा तेङपोक्षे रिङपोक्षले हिमालय महायान देक्षेन क्षोस्लिङ्ग गोम्पाको संरक्षक सदस्यहरूलाई प्रमाण-पत्र र कोनक्षोग सुम युवा क्लबको सदस्यहरूलाई पुरस्कार र प्रमाण-पत्र प्रदान गर्नुभयो भने खेनपो ङवाङ वोशेरले ५० जना सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र वितरण गर्नुभयो । उक्त समारोह शिविर आयोजक समितिको अध्यक्ष पासाङ शेर्पाको अध्यक्षतामा सम्पन्न भएको थियो । ■

## "बुद्धप्रति समर्पित"

✎ पराग राजेश र शिव शाक्य, धरान

हुन्छन् रोगी सबै भन्ने कुरा बुझी  
गौतम हिंडे एकदिन घरबाट सबै छोडी  
शान्त रहेर सधैं, नबनौं कहिल्यै क्रूद्ध  
भनी गए यहींबाट शान्ति दूत बुद्ध  
बुद्ध हुनु निश्चित छ मर्छन् सबै एक दिन  
धनको लोभमा पनि पाप गर्छन् छिन छिन  
प्रेम गरौं आपसमा, नगरौं कहिल्यै युद्ध  
भनि गए यहींबाट शान्ति दूत बुद्ध  
हिंसा छोडी सबै बनौं अहिंसाको पूजारी  
के पाउनु छ धरामा अरुलाई मारी  
दुर्गुणको फोहोर फाली आत्मा पारौं शुद्ध  
भनि गए यहींबाट शान्ति दूत बुद्ध  
मान्छे सबै एक हौं फरक छैन कोही  
सन्देश दिए बुद्धले सधैं भरी यहि  
षडयन्त्र हुन्न रच्नु अर्काको बिरुद्ध  
भनी गए यहींबाट शान्ति दूत बुद्ध



Downloaded from http://www.dhamma.digital

# बिनय समस्यात समाधान यासे मिसातेत समान थाय् बिइनु ।

✍ शास्त्राचार्य अलुतव्याव सोरत महास्थविर, श्रीलंका

भिक्षुणी शासन हानं श्रीलंकाय स्थापना यायेगु बारे खैला बैला जुया च्वंगु न्यने दु । उगु खँय् पक्ष विपक्ष तर्क वितर्क जुया च्वंगु नं न्यने दु । न्हापा दुगु अले लोप जुया वंगु थ्व सम्बन्धे बारम्बार छलफल जुया च्वंगु थुगु समस्याबारे बिचायाना सोयेतेना । भारत महाद्वीपे बुद्ध धर्म उत्पन्न जूगु छगू तधंगु सौभाग्यया खँ खः ।

भारत देशे हा कया च्वने धुंकुगु परम्परा जाति, कुल, लिङ्ग भेद आदिया विरूद्ध समानता भाव केना विज्यासे भगवान बुद्धं नारी उत्थानया लागी प्रतिस्थापना याना विज्यागु भिक्षुणी शासन खः भिक्षुणी संघ स्थापना याना बिज्याय् धुंका भारतीय समाजे मिसातेतनं सम्मान याये बहःपिं जुइक उगु थासे तया बिज्याना समाजया प्रगतिया निंतिं व क्रियाशील जुइफुपिं याना विज्यागु खः । भारत देशे भिक्षुणी शासन स्थापना जुइ धुंका अन प्रचार प्रसार जुया वंगु भिक्षुणी शासन धर्माशोक जुजुया धर्मदूतपिनि पाखें श्रीलंकाय्नं नारी जातियात विमुक्ति मार्गया लँपु चाय्का प्रगतीया समाज स्थापित यायेत यक्वं ग्वाहालि जूगु खने दु ।

भीगु इतिहासे केना तःगु कथं महेन्द्र महास्थविरं थुगु बुद्धया शिक्षा व शासन प्रचार प्रसार याना बिज्यासे थ्व देशे नारी जातिपिन्त नं क्रियाशील याना उकिइ सहभागी जुइगु उत्साहया लँपु केना बिज्यागु खने दु । तर मिसातेत प्रबज्या यायेगु अनुमति महेन्द्र महास्थविरयात मदुगु जूया निंति राजकीय दूतपिं छोया संघमित्ता भिक्षुणीयात थुगु देशे बिज्याका श्रीलंकाय् भिक्षुणी शासन आरम्भ याना बिज्यागु खः ।

भिक्षुणी संघमित्ताया निर्देशने देवानम पियतिस्स जुजुया महारानी अनुला देवी प्रमुख मिसापिं छपुचः भिक्षुणी शासने प्रबजित जुया बिज्याःगु खः । भारत देशेथें लंकाय्नं भिक्षुणी शासनपाखें मिसापिन्त गौरव स्थान प्राप्त जूगुलिं तधंगु उपकार जुल । न्ह्यागुहे जूसां प्रत्यक्ष व अप्रत्यक्ष कारणत यक्वं दुगु जूया निंतिं अनुराधपूर शासनकाले थुगु लंका देशे भिक्षुणी शासन मदया वंगु खने दु ।

थुकथं थ्व देशय् भिक्षुणी शासन मदया वंगु खःसां भिक्षुणी शासन स्थापना जूगुया कारणं थनया मिसात राष्ट्रिय स्तरे जक मखु अन्तराष्ट्रिय स्तरे तकं ऐतिहाशिक कार्य यायेत समर्थ जूगु खः । उदाहरणया लागी देवसारी भिक्षुणी प्रमुख छपुचः भिक्षुणीपिन्सं चीने भिक्षुणी शासन स्थापना याःगु उल्लेख जुया च्वंगु दु । थुकिया बारे भीगु इतिहासे उल्लेख जुया च्वंगु खने मदुसां चीनिया ग्रन्थय् केना तःगु दु । इ.पु. ६ सय बर्ष न्ह्यो चिनीया मूलया च्वमि पा.ओ. वान् भिक्षुं च्वया विज्याःगु "भिक्षुणी चरितापदान" यात उल्लेख याना विज्यासे भिक्षु पोलवत्ते बुद्धदत्त महास्थविरजुं च्वया विज्यागु "भारतीय बौद्ध आचार्यपिं नांगु सफुतिइ थ्व खँ विशेष कथं न्ह्यथना तया बिज्याःगु दु । चीने थौंतकं भिक्षुणी शासन विनाश जुया मवंसे ल्यना च्वंगुहे अबले श्रीलंकाया भिक्षुणीपिन्सं स्थापना याना विज्यागु भिक्षुणी संघया कारणं खः ।

पुनः श्रीलंकाय् भिक्षुणी शासन स्थापना याय्माः धैगु विचारधारायात आधारकया हेतु केना बिज्यापिं विद्वानपिनिगु धापू अनुसारं चीनयापाखें आधारकया भिक्षुणी शासन प्रतिस्थापना याये ज्यु धैगु दु । उकियात नकारात्मक पक्षया धापू अनुसारं चीने भिक्षुणी शासन महायान शासन कथं दुथ्यागुलिं भीगु थेरवाद शासनयात उचित मजू धैगु तकं दु । निगू पक्षया भनाइ निगूया दुनेनं सत्य दुथ्याना च्वंगु खने दु । अथे जूसां चक्कंगु नुगलं थ्व समस्यायाबारे बिचा याना स्वयबले व फुकं खँ स्वया तधंगु खँ छु धाःसा थौकन्हेया समाजया निंतिं आवश्यकता अनुसारं भिक्षुणी संघ हानं स्थापना यायेगु अतिकं समयोचित व सान्दर्भिक जू ।

न्यायपूर्वकं बिचा याना स्वयबले श्रीलंकाय् भिक्षु शासन पुनरुत्थान यायेत बर्मा, थाइलाण्डपाखें ग्वाहालि कया उपसम्पदा याःथें भिक्षुणी शासन प्रतिस्थापना यायेतनं चीन पाखें ग्वाहालि कया याःसा मस्यंथें च्वं । थौंकन्हे समन्वयवाद आवाज उठेजुया च्वंगु दु । थरेवाद महायान बिचे समस्या जुइ धैगु खःसा बिनय अनुसारं



Downloaded from http://www.dhamma.digital

क्रियात्मक जुइमा धैगु खःसा भीगु देशे दुपिं धर्मकथिकपिं व विनयाचार्य महास्थविर भन्तेपिनि दथुइ सल्ला बल्ला दयेका समस्या निराकरणया लँपु लुइके फु । बुद्ध परिनिर्वाण जुइन्त्यो - **"आकङ्खमानो आनन्द, संघो ममच्चयेन खुद्दानु खुद्दकानि सिक्खापदानि समूहनतु"** भिक्षुपिनि इच्छा जुल धाःसा जि मदेधुंका चिचीधंगु नियमत तोता छोसाँ ज्यू धया बिज्याःगु दु । (महापरिनिर्वाण सूत्र)

हिला वनीगु संसारया स्वभाव अनुसारं समाजे मिसातेत दया च्वंगु अधिकार नं हिला वना च्वंगु दु धैगु खँ भीसं ल्वमंके मज्यू । पुरूषाधिपतिया अधिने च्वना च्वंपि एसियाया मिसातय्सं थौकन्हे समान अधिकार दयमा धका जुलुस तकं पिकया च्वंगु खने दु । यूरोप देशे मिजंपिंसंथें मिसातय्संनं समान रुपं अधिकार छेला च्वंगु दु । यूरोप व एसिया महादेशया दथुइ तुलना याना सोया यंकेवले थौतकनं एसिया महादेशया मिसातेत क्वह्यंका तःगु खने दु । तर थुज्याःगु अवस्था लिपातक तेके जुइगु खने मदु ।

जन्मंनिसें मरणतक मिसात पुरुषया संरक्षणे च्वनेमा धैगु हिन्दू ग्रन्थ मनस्मृतिइ केना तःगु खः । थुगु तरिकां ब्राम्हणपिन्सं थःथःपिनिगु हितया निंतिं चरित्र व व्यवहार नितां पाखें मिजंतयगु प्रभुत्वयात प्रमुख स्थान बिया तःगु खः । सिमाया आधार मकासें गथे लहरमा थाहाँ वने मफैगु खः उकथं हे मिसातय्सं नं मिजंतय्गु आधार मदयकं प्रगती याये फइमखु धकाः स्वार्थिभाव जक केना तःगु खः । थुगु कथं स्वया यंकेबले नं मिसात ख्युंगु थासं तुयुगु थासे वये फुगु बुद्ध शिक्षाया आधार काये दया खः ।

बौद्ध ग्रन्थ संयुत्त निकायले मिसातयेगु श्रेष्ठत्वयात बाँलाक केना तःगु दु । थुकथं हे जातकपाली, थेरीगाथा, धम्मपद आदिइनं छर्लङ्ग जुइक केना तःगु दु ।

**न सो सब्बेसु थानेसु**
**पुरिसो होति पण्डिता**
**इस्थीपि पण्डिाता होति**
**तत्थ तत्थ विचक्खणा ।**

मिजंपिं जक न्ह्याथासं पण्डित (योग्य) जुइ मखु मिसापि नं पण्डितपिं, ज्ञानदुपिं जुइफु धैगु स्पष्ट जू । थज्याःगु कारण यक्वं दयकं नं निर्मल बुद्ध धर्म दुगु लंका देशे भिक्षुणी संघ हानं स्थापना यायेत सुं व्यक्ति विरूद्ध जुल धाःसा व धात्थेंयाम्ह बुद्ध शासन प्रगती याये मंमदुम्ह जुइ । भीसं पूर्वाग्रही जुया हानं भिक्षुणी शासन स्थापना यायेगु बारे नकारात्मक तरिकां जक बिचाः यायेगु उचित मजू । सकारात्मक पाखें नं बिचा छाय् मयायेगु ?

भिक्षुणी संघ स्थापना यायेवं भिक्षु संघयात छुं हानि जुइगु दुलाकि ? जिं थूगु अनुसारं थन जुया च्वंगु छु धाःसा मिजं तय्गु प्रभुत्वया कारणं थौतकनं मिसातयसं गुलि प्रगति यायेफये माःगु खः उलि प्रगति याये मफया च्वंगुयात भिक्षुपिन्सं व गृहस्थपिन्सं नं थुइकेमाःथें च्वं ।

भीगु समाजया प्रगति कार्यस मिसापिनिगु नं तधंगु ल्हाः दु । समाजया प्रगतिया लागी थौ कन्हे यागु बैज्ञानिक युगे मिसातय्गु ग्वाहालियानं अतिकं आवश्यक जू धैगु बारे भीसं लोमंके मज्यू ।

धार्मिक ज्या पाखें जनतातेत खगु लंपुई यंकेत पूजनीय भिक्षु पिन्सं देशया जनता नाप तस्सकं मिले जुइ फयकेमाः । मिसापिंके करूणा, मैत्री, सहयायेगु आदि गुण धर्मत आपा दया च्वनि । उकिं इमितनं थःपिनिगु प्रति विश्वास दयकेविइ कथंया ज्या याये फयकेमा ।

थौ तकनं भीगु देशे क्रिश्चियन धर्मे आपालं मिसापिं न्ह्योने लाःगु खने दु । अशरण रोगीपिनिगु सेवाया लागी मिसापिनिगु ल्हाः दु । अथेहे न्हापा न्हापा नं भीगु थ्व बौद्ध देशे भिक्षुणी पिन्सं गति शील ज्या याना वंगु दु । यदि भिक्षुणीपिं सामाजिक ज्याय् क्रियाशील जुया वन धाःसा बुद्ध धर्मया गतिविधि लिसें सामाजिक सेवाया नं उन्नति अभिवृद्धिया लागि तिवः जूवनी । अथेहे गुबलें गुबलें मिजंपिं स्वया आपा मिसापिन्स हे बाँलाक ज्या याना च्वंगु नं खने दु । इपिं फुक मिसापिन्सं धार्मिक पूर्वकं अधिष्ठानया लिंधसाय् ज्या याइगु खः । थुगु कथं स्वया यंकेबले मिसातय्गु सहभागितां समाजयात प्रगती व उन्नतिया ज्याय् नं तिबः जुइफु धकानं धायेफु ।

***अनुवादक : भिक्षु भद्दिय***



Downloaded from http://www.dhamma.digital

# "जाँच मुख्यगु थासय् कायमा:"

*अनुवादक : अनुपमा (थाइल्यायण्ड)*

थौंकन्हे न्ह्यागगु थासे नं जाँच बीमा:गु आवश्यक जुयाच्वन । मिसा मिजं त:धी चीधी हरेक क्षेत्रयापिनि नं जाँच बीमा:गु । आख: ब्वना: जाँचे पास ज्वीधुंका:नं जागिर नयत हानं जाँच बीका: ल्यया काईतिनि । दर्जा थप ज्वीकेतनं जाँच हे बीमा: । बिदेशे वनेत तकनं जाँच हे बीमा:गु ।

तर दकसिबे मुख्य मेगु छगू जाँच काय् मा:गुला बाकि हे दनि । व ख: "थ:त थम्हं जाँच काय्गु" । व मुख्यगु जाँच दक्वसिनं बीगु आवश्यक जू । तर उगु जाँच बीगु लागि मनूतसें लिफ: स्वैमखु, उगु जाँच बीगु आवश्यकनं खनीमखु । उकें इमिसं थ:त थम्हं जाँच कायगु ज्यां अलग्ग हे तयातई ।

थ:त थम्हं जाँच काय्गु धयागु हे थ:म्हं छु गज्या:गु आचरण याना च्वन, भिंगु यात ला मभिंगु यात, उगु ज्या स्वया: नम्बर बीमा: भिंगु यानागु ल्यया: छखे तय्गु, मभिंगु यानागु ल्यया: छखे तय्गु, अले लिपा तालाजुई लनेगु । यदि भिंगु स्वया: मभिंगु कम जूसा जाँचे पास जूम्ह धाई । भिंगु स्वया: मभिंगु बढे जूसा जाँचे फेल जूम्ह धाई ।

गबले जाँचे पास ज्वी, अबले तिनि सुगती वने दै अर्थात जीवन ताले लाई यदि जाँचे फेल जुल धा:सा सुगती वने फैमखु अर्थात् मनुष्य जीवन सुखमय जुई मखु ।

जाँच न्ह्यागगुं बी ज्यू तर थ:त थम्हं जाँच बीगु लोमंके मज्यू अर्थात चरित्र बाँलाकेगु पाखे ध्यान तय्मा: गुम्हसिनं बरोबर थ:त थम्हं चाँच काई, वं मनुष्यत्त्वयात सम्पूर्ण ज्वीक आरक्षा याय्फै ।

*साभार : "**धर्मज्योती**" थाई किताब*

> **"चञ्चल चित्त याना दुराचारी जुया सलं स:दँ तक म्वाना च्वनेगु सिबे, शीलवान् ध्यानी जुया छन्हुँ जक्क म्वाना च्वनेगु श्रेष्ठ ।" – धम्मपद**

# कस्तो हालत थियो हिजो- आज ?

✍ धर्मराज तामाङ
*नेपाल तामाङ घेदुङ केन्द्रीय सदस्य*

**सत्य, त्रेता, द्वापर, कली चारै युगको मालिक ।
शान्ति, शान्ति अकाल क्रान्ति नरको शामन्ति र शोषक ॥**

**आने, ढयाके दसौंद नामको यिनको कपाली हो तमसुक ।
गोठ र खेत, पशु घरबारी लेख्थे उनै बन्धक ॥**

**खायो हाड र छाला कुकुर झैं गरीब निमुखा चुसी ।
काँप्यो थर थर डगमगाउँदै पृथ्वी अन्याएको न्याय घुसी ॥**

**औंसीको कालरात्रि हुन गै एकतन्त्रे त्यो कुण्ठित ।
ध्यान, ज्ञान र भङग च्यान आए उहि देवदत्त ॥**

**प्रजा राजा र प्रजातन्त्र जन्मिए सात सालमा ।
कुण्ठित सर्वआत्म बल त्यो ज्वाला दन्किए देशमा ॥**

**फाटे बादल सूर्य प्रकाश भूतल महा ओर्ले अटल झैं गरि ।
अमुक्ति रक्त पिपासु खरानी झैं उडाए पवन सरी ॥**

**दश बर्षै सम्म स्वतन्त्र रुपले रह्यो यो नेपालमा ।
पिन्जरा भित्र उकुश मुकुश गरी रह्यो यो सत्र सालमा ॥**

**फोडौं पहरा पहरा, पिन्जरा ती सबै डाँडा नहोच्चो कतै ।
सम्म र साम्य यी दुबै सोज्दैछ प्रकृति त्यतै ॥**

**राणावद निभ्यो अराणावाद बल्यो उस्तै छ दीन दु:खी
भरौटे भरिया अरौटे मुखिया शोषक प्रशासन सुखी ।
भाषा, धर्म र सँस्कृति ती सबै लोपै गराय् अबै ॥**

> **"फछिं फतले थ: स्वया उत्तमपिनिगु सतसंगत याय्गु अथवा थ: समानपिंनापं सतसंगत याय्गु, थुजापिं मदु धका बाल = मूर्खतय्गु सतसंगत याय्गु स्वया दृढतापूर्वक याकचा हे विचरण याय्गु उत्तम ।" – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# बुद्ध शासन व मिसापिं

✍ D.A. **निलंजग अशोकानि**, श्रीलंका

हिन्दु धर्मया मनुस्मृति नांगु सफुती मिसापिन्त नं गौरव तयमा: धका: क्यना त:सानं मिसापिं जीवनभर मिजंपिनि अधिने च्वनेमालाच्वंगु दु । जन्मंनिसें मरणतक मिसापिन्सं मिजं तय्गु किचले च्वना: ज्या याय्मा धयागु धापू मनुस्मृती क्यनात:गु जुयाच्वन । मिसातयृत स्वतन्त्रं जीवन हनेत थाय् बीमज्यू धका: नं धयात:गु दु । तर बुद्ध धर्म याकनं प्रचार प्रसार जुयावंगु कारणं अबले मिसातसें स्वतन्त्रता व समान अधिकार प्राप्त याना काय्गु मौका प्राप्त यात ।

बौद्ध जीवन पद्धति अनुसारं मांयात त:धंगु गौरव व स्थान वियात:गु खनेदु । उलिजक मखु मांयात अतिकं सम्मान बिया: माने यानात:गु दु । तर थौंया युगया समाजे सोयायंकेबले बाँलाक खंकेफु थ: मां बौयात याय्मा:गु सेवा मयासे इमित विभिन्न प्रकारं दु:ख कष्ट बिया: अन्तिम अवस्थाय् तकं मस्वसे अलग्ग तयात:पिं काय्म्ह्यायपिं नं दु । उकिं उगुहे अनुसारं ज्या याना यंकूपिन्त दिट्ठधम्म वेदनिय कर्म असुसारं थुगु हे जन्मे दु:ख भोग याय्माली धयागु भ्मीसं लोमंके मज्यू ।

भगवान बुद्धं देशना याना बिज्या:गु अंगुत्तर निकाय सफुती मांयात महाब्रह्मा, पूर्वाचार्य, मानेयाये योग्यपिं धयागु शब्द छ्यला: अतिकं च्वय्यागु दर्जाय् तया: प्रशंसा यानात:गु खनेदु । मांया नुगले स्याकेगु अकुशल कर्मयात त:धंगु अपराध पाप कर्म धका: धया बिज्यास्य भगवान बुद्धं मांयागु अनन्त गुणया बारे बाँलाक ध्वाथ्वीक कना बिज्या:गु दु ।

मिसातयृत मांया दर्जाय् जक तया त:गु मखु । मिसापिंन्त भिक्षुणी शासने दुथ्याका: गुण धर्म उन्नति याना: मार्गफल लाना काय् फुपिं धका: नं कना बिज्या:गु जुयाच्वन । उकिं गुगुं अवस्थाय् भिक्षुणी पिंसनं धर्मावबोध याना: भिक्षुपिं नाप तर्क वितर्क याय्त तकं सक्षमपिं मिसात दु धयागु खँ ग्रन्थे बाँलाक केनात:गु दु ।

भिक्षुपिसं थें भिक्षुणीपिंसनं विभिन्न क्षेत्रे कार्य क्षमता प्रदर्शन याना बिज्या:गु जूगुया नित्तीं बुद्धं निगू पक्षयात नं समान रुपं पदवी बिया बिज्या:गु दु । छुंकथं नं मिसा मिजंया बिचे भेदभाव क्यना बिमज्या: ।

अंगुत्तर निकायया एकक निपाते केनात:गु अनुसार गुलिं गुलिं भिक्षुणीपिन्त त:धंगु योग्यता या पदवि बिया बिज्या:गु खनेदु । इपिं मध्ये प्रज्ञा दुम्ह खेमा स्थविरी, नियम पालन याइपिं मध्ये पटाचारा, धर्मकथिकपिं मध्ये धम्मदिन्ना आदि पिन्त भगवान बुद्धं अग्र पदवि बिया बिज्या:गु खनेदु । बुद्धि दुपिं मध्ये कुण्डलकेशी अग्रम्ह धका: पद बियात:दु खनेदु ।

संघमित्ता स्थविरीं याना: श्रीलंकाय् भ्मी मिसापिन्त भिक्षुणी शासने दुहाँ वनेत लँपु चाल । उकिं महान गुणधर्म प्राप्त याना: मार्गफले तक थ्यंके फत । तर लिपा जूलिसे भिक्षु विनय सोया: अपो भिक्षुणीपिंसं विनय पालन याय् मा:गु करं क्यंगु जूगुनित्तीं गुलि विकास याय्मा:गु ख: उलि प्रगति याय् मफुगु कारणं भिक्षुणी शासन लोप जुयावंगु खुनेदु । तर आ: हानं भिक्षु संघया सहमती व समभ्मदारी दुसा भिक्षुणी संघ दयक्यज्यूनि ।

भिक्षुणी शासन मदुसां विकल्पया रुपे दश शीले कया: गुण धर्म प्रगति याय्त मिसातेत छुं हे बाधा मदु । - *अनुवादक : **भद्दिय***

> **"जटाधारी ज्वीवं तुं, गोत्र मात्रं नं, जाति मात्रं नं ब्राह्मण ज्वी मखु; गुह्मसिके सत्य व धर्म दई, व हे पवित्रह्म ख; व हे ब्राह्मण ख: ।" – धर्मकीर्ति**



Downloaded from http://www.dhamma.digital

# अनिच्चावत संखारा



देवी बहादुर शाक्य

जन्म : वि.सं. १९७४ चैत्र

स्वर्गारोहण : २०५३ फाल्गुण १० गते शुक्रबार

जिमीत न्ह्याबलें न्ह्याबलें माया याना बिचा गाका च्वंम्ह
बा स्व. **देवी बहादुर शाक्य** मदुगु दंछियागु दिन
सिपुन्हि खुनु जूगुनिंति वसपोलया
पुण्य स्मृतिस सुखावती भुवन बास लायमा धका
धर्मकीर्ति पत्रिका यात
रु. १,००५/– चन्दा स्वरूप प्रदान याना ।

म्ह्याय:

**विमला शाक्य**

ईतुंम्बहा यें:



Downloaded from http://www.dhamma.digital

**बौद्ध व्यक्तित्व र चरित्र**

२०५४ मंसीर २१ गते, यस दिन मदन रत्न मानन्धरले "बौद्ध व्यक्तित्व र चरित्र" विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो - "भिक्षुहरूलाई सृजनात्मक कार्य नगर्ने अल्छीहरूको रुपमा दोष दिँदै राजा जयस्थिती मल्लको पालामा वहाँहरूलाई चीवरवस्त्र फुकाल्न लगाई गृहस्थी जीवनमा फिर्ता पठाइएको थियो । फलस्वरुप पतन हुन लागेको बुद्ध धर्मलाई शाक्य, र बज्राचार्यहरूले बज्रयानको रुपमा वहाल बनाई बुद्धको प्रतिमूर्ति स्थापना गरी बुद्ध शिक्षा बारे गृहस्थ जीवनकै रुपबाट प्रचार प्रसार गरेर लोप हुनबाट जोगाई राखेको थियो ।"

नेपालमा भएको तन्त्रयानको प्रचारको साथसाथै महायानी बुद्ध धर्मको प्रवेशको बारेमा बताउनु हुँदै उहाँले फेरि भन्नुभयो- "१९ औं शताब्दीमा महायानी परम्परा अनुसार ५ जना भिक्षु बने । तर उनीहरूलाई देश निकाला गरि दिए । पछि उनीहरूमध्ये महाप्रज्ञाकै शिष्य प्रज्ञानन्द नेपालबाट ल्हासा, ल्हासाबाट, कुशीनगर हुँदै थेरवाद परम्परा अनुसार भिक्षु बनी सन् १९३० मा नेपाल फर्की थेरवादको प्रवेश गराउन सफल भए । तर यस समयमा उहाँहरूले तानसेनमा ९ बर्ष कारागारको सजायँ लगायत विभिन्न समस्याहरू भेल्नु पऱ्यो ।"

यसरी नेपालमा बुद्ध धर्म हालको स्थितिमा पुऱ्याउन बज्राचार्यहरू, महायानी गुरुहरू लगायत महाप्रज्ञा, प्रज्ञानन्द, अमृतानन्द, शाक्यानन्द, अनिरुद्ध, सुबोधानन्द, बुद्धघोष, अश्वघोष, कुमार काश्यप र अन्य व्यक्तित्वहरूको ठूलो भूमिका रहेको बारेमा प्रकाश पार्नु हुँदै उहाँले भन्नुभयो- "बिदेशी व्यक्तित्वहरूमा बुद्धगयाको संरक्षणमा योगदान पुऱ्याउने अनगारिक धम्मपाल, अछुतो जातमा जन्मेर पनि भारतको संविधानविद बनेर राष्ट्रिय भण्डामा बुद्ध धर्मको धर्मचक्र चिन्ह राख्न सफल हुनुहुने व्यक्तित्व भिमराव अम्बेडकर लगायत श्रीलंकाका जि. पि. मलल शेखर, बर्माका महाशी सयादो, भारतकै सत्यनारायण गोयन्का आदि व्यक्तित्वहरूको योगदान उल्लेखनीय छ ।"

यस दिनको कार्यक्रमका सभापती, संचालक र रिपोर्टर क्रमश: सुश्री तारादेवी तुलाधर, श्री ध्रुवरत्न स्थापित र श्री संजय महर्जन हुनुहुन्थ्यो ।

स्मरणीय रहोस्, मदन रत्न मानन्धरले यस भन्दा अगाडिको कक्षामा बुद्धकालिन र बुद्ध पछिका भिक्षु, भिक्षुणी र उपासक उपासिका लगायत अन्य बौद्ध व्यक्तित्वहरूको बारेमा पनि कक्षा लिइसक्नु भएको छ ।

**२०५४ मंसीर २८**

यस दिन भिक्षुणी धम्मवतीले साप्ताहिक अध्ययन गोष्ठीको कक्षामा उहाँ जापान जानुहुँदाको अनुभव सुनाउनु हुँदै भन्नुभयो- "जापानी भिक्षुणी एकजनाले एउटा सिंगो पहाडमा निर्माण गरेको बिहारको उद्घाटन गर्नको लागि २००० जवान व्यक्तिहरूलाई आवश्यक सुविधाहरूको प्रबन्ध मिलाउन सक्नु प्रशंसनीय कार्य हो । उक्त विहारको उद्घाटन थेरवाद र महायानी दुबै परम्पराबाट गरिएको थियो । त्यसपछि सबैजना भेला भई मिटिङ्ग गर्नुको साथसाथै त्यहाँको दृश्यावलोकन समेत गराउनु भयो ।" जापानी जनताहरूको शुद्ध मैत्रीभाव देखेर प्रभावित हुनु भएकी उहाँले जापानको क्योटो शहरका धेरै विहारहरू र जापानको राम्रो वातावरण बारे पनि चर्चा गर्नु भएको थियो ।

जापान भ्रमणको अनुभव पछि उहाँले समयको महत्त्ववारे प्रकाश पार्नु हुँदै एकजना साहुले आफू मर्न लागेको अवस्थामा आफ्ना छोरालाई दिनु भएको उपदेश सुनाउनु भयो । ती हुन्-

(१) फिर्ता दिन ल्याऊ भनी भन्न नपर्ने गरीकन सापटी दिनु ।

(२) सधैं मुख मिठो गरेर खानु ।

(३) घाम नपर्ने गरी हिंड, अर्थात् घाम मुनि नहिंड

अर्थ-

(१) आफुसंग कुनै व्यक्तिले कुनै सम्पत्ति सापटी लगेको खण्डमा त्यस सम्पत्ति उसले इमान्दार पूर्वक फिर्ता दिन ल्याउँछ भने मात्र उसलाई सापटी दिने गर । अन्यथा त्यसलाई सापटी दिने नगर ।



Downloaded from http://www.dhamma.digital

(२) परिश्रम पूर्वक पसिना बगाई शुद्ध चित्तले काम गरी कमाएको धनले (मनमा कुनै छलकपट नराखी) आनन्द पूर्वक मनमा पीर नलिईकन खाने।

(३) सुर्योदय हुनु अगाडी अर्थात् बिहान सबेरै उठी आफ्ना नित्यकार्यहरू सिद्धाउने।

यी तीन तरीकाले कार्य गर्ने व्यक्तिहरूले मात्र आफ्नो कर्त्तव्य पूरा गर्न सक्नेछ र फलस्वरुप उसले समयको सदुपयोग पनि गर्न सक्नेछ।

यस दिनको कार्यक्रम ध्रुवरत्न स्थापितको सभापतित्त्वमा तारा डंगोलले संचालन गर्नुभएको थियो र कार्यक्रमको रिपोटिंग मीन शोभा शाक्यले गर्नु भएको थियो।

### "लुम्बिनीमा महापरित्राण"

लुम्बिनीमा धर्मकीर्ति बिहारबाट निर्मित धर्मशालामा माघ २८ गते "धर्मकीर्ति बिहार,काठमाडौं" को आयोजनामा भिक्षु संघबाट महापरित्राण पाठ सम्पन्न गरिएको छ।

सो पवित्र स्थलमा शाक्यमुनी बुद्ध, शिद्धार्थ कुमार, महामाया देवी र प्रजापती गौतमी आदिको प्रतिमा पनि स्थापना गरिएका थिए। स्मरणीय छ, उक्त प्रतिमाहरू स्थापना गरिएकै उपलक्षमा २ (दुई) दिन (माघ २८ र २९ गते) सम्म संचालित उक्त महापरित्राण पाठ समारोहमा तानसेन, बुटवल, धरान, पोखरा, बाग्लुङ्ग, काठमाडौं, पाटन र भक्तपूर आदि विभिन्न स्थानहरूबाट थुप्रै श्रद्धालु महानुभावहरूले भाग लिनु भएका थिए।

## संसार

✍ श्रृष्टि रंजित

कक्षा : ६ 'ख', त्रियोग गर्ल्स स्कूल

मानिस जन्मे त संसारमा
मानिस हुर्के त संसारमा
मानिस केवल पाहुना हो यो संसारमा
मानिस केवल एक प्राणी हो यो संसारमा
एक पल्ट संसारबाट हुर्कनु त
अर्को पल्ट संबारबाट बिदा हुनु
संसारमा आएपछि राम्रो काम गर्नु
संसारबाट बिदा हुनु अमर भएर जानु।



### बुद्ध जयन्ती समारोह समिति पुनर्गठन

भिषु सुदर्शन महास्थवीरको अध्यक्षतामा २५४२ औं बुद्ध जयन्ती समारोह समितिको गठन गरिएको समाचार प्राप्त भएको छ।

उक्त गठन अनुसार समितिका अन्य बाकी रहेका कार्य कारिणी सदस्यहरू यसरी रहेको बुझिएको छ।

उपाध्यक्षहरू-कनकमान शाक्य, तीर्थ नारायण मानन्धर, लोक दर्शन बज्राचार्य, प्रा- सुवर्ण शाक्य र प्रयाग राजा सिंह सुवाल।

प्रमुख सचिव-श्याम कृष्ण मानन्धर, सचिव गौतम शाक्य, उपसचिव-रमेश मानन्धर, कोषाध्यक्ष - बुद्ध रत्न बज्राचार्य, उपकोषाध्यक्ष माणिक रत्न शाक्य।

स्मरणिय छ, यस पुनर्गठन अनुसार २५४२ औं बुद्ध जयन्तीका दिन बुद्धको पवित्र अस्थि धातुको नगर परिक्रमा गरिने पनि निर्णय गरिएको छ। साथै यस कार्यक्रमलाई सुचारुरूपले अगाडि बढाउन विभिन्न उप समितिहरूको गठन गरिएको पनि समाचार छ।

### प्रथम बौद्ध जागरण शिविर

२०५४ पौष १५

स्थान- कैलाली जिल्लाको धनगढी नगरपालिका।

हिमाली बौद्ध शिक्षण, ललितपूरको सहयोगमा थारु कल्याणकारी संघका पदाधिकारी श्री फोनिराम चौधरीको संयोजकत्त्वमा संचालित प्रथम बौद्ध जागरण प्रशिक्षण धर्म शिविरको समापन कार्यक्रम सम्पन्न गरिएको समाचार छ। कैलाली र कञ्चनपूरका महिला र पुरुषहरू गरी जम्मा ६२ जवान प्रशिक्षार्थीहरूले भाग लिएको सो कार्यक्रममा प्रमुख अतिथि धनगढी नगर पालिकाका उपमेयर श्री नारदमुनि राना थारुले सहभागी प्रशिक्षार्थीहरूलाई प्रशंसा पत्र प्रदान गर्नु भएको थियो।

प्रशिक्षण शिविरका प्रशिक्षकहरू यसरी हुनुहुन्थ्यो- १) भिक्षु अकोश कीर्ति (थारु) २) श्री लोक दर्शन बज्राचार्य ३) प्रा. जनक नेवा: ४) श्री हर्ष मुनि शाक्य ५) श्री शियाराम चौधरी थारु ६) बाशुदेव चौधरी (थारु) ७) श्री त्रीरत्न मानन्धर ८) श्री धर्मशील शाक्य।

स्मरणीय छ पछि संचालन हुने बौद्ध जागरण प्रशिक्षण शिविरमा कैलाली, कञ्चनपूर, बाँके र बर्दिया गरी जम्मा ४ जिल्लाहरूका प्रशिक्षार्थीहरूले भाग लिने भएका छन्।



Downloaded from http://www.dhamma.digital

**श्री बोधिसत्त्व विहार संखुवासभा चैनपुरका विभिन्न कार्यक्रमहरू**

मिति २०५४ श्रावण ५ गते गुरुपूर्णिमाको दिन श्री बोधिसत्त्व विहारमा बौद्ध महिलाका अध्यक्षतामा धर्मचक्र दिवस विभिन्न कार्यक्रमहरूका साथ सम्पन्न गरियो । शील प्रार्थना, बुद्ध पूजा र धर्मदेशना पछि उपासक पुष्पलाल शाक्य र श्रीमती यशोदा शाक्यद्वारा उपस्थित सबै उपासक उपासिकाहरूलाई जलपान पनि गराउनु भयो भने पुण्यानुमोदन र सरसफाईको कार्य पनि गरिएको थियो ।

मिति २०५४ भाद्र महिनामा शील प्रार्थना, बुद्धपूजा गरी चैनपूर बजार निवासी स्व.डि.हर्क बहादुर श्रेष्ठ र स्व. कर्ण कुमारी श्रेष्ठ को पुण्य स्मृतीमा उहाँका छोरी र नाती लिलादेवी श्रेष्ठ, भगवती श्रेष्ठ र उत्सव श्रेष्ठले श्री बोधीसत्त्व विहारमा तामाको फील्टर, १ थान र जग २ थान दान गर्नु भएको थियो । उक्त अवसरमा दिवंगत व्यक्तिहरूको पुण्यानुस्मृतीमा मरणानुस्सती भावना गरी मैत्री भावना पाठ गरी पुण्यानुमोदन गरिएको थियो ।

मिति २०५४ मंसीर १५ गते औंसीका दिन बौद्ध महिला अध्यक्ष सुमना देवीको संयोजकत्त्वमा बुद्ध पूजा, शील प्रार्थना, धर्म देशना गरियो । उक्त अवसरमा धर्मोदय शभाका अध्यक्ष गंगा शाक्यले उहाँका दिवंगत माता पिताको पुण्यानुस्मृतिमा विहारमा स्वयम्भू स्तुप चढाउनु भएको थियो । उक्त अवसरमा केदार प्रसाद श्रेष्ठ, सुमना देवी शाक्य, प्रमोद शाक्य र गंगा शाक्य आदिले माता पिताको देन बारे प्रकास पार्नु भएको थियो । स्व. गोविन्द मान शाक्य र स्व. भीमकुमारी शाक्यको पुण्यानुस्मृतीमा छोराहरू वीरवहादुर शाक्य, नारद गंगा सुन्दर शाक्य परिवारले मंगल सूत्र पाठ गरी उपस्थित श्रद्धालु महानुभावहरूलाई जलपान गराई पुण्यानुमोदन पनि गरिएको थियो ।

**शोक सभा**

स्थान : श्री बोधिसत्त्व विहार, संखुवासभा चैनपूर
मिति : २०५४ कार्तिक ८ गते ।

पूज्य संघनायक शाक्यानन्द महास्थविर दिवंगत हुनु भएकोमा १ मिनेट मौन धारण गरी शोक सभा मनाइएको सभाचार छ । उक्त सभामा दिवंगत भन्तेको देनहरू उल्लेख गरिएको थियो । वि.सं. २००४ सालमा चैनपुरमा बस्नु हुँदा उहाँ भन्तेले पर्णशाला कुटी बनाई बुद्ध धर्मको दीप बालिदिनु भएको थियो । २००६ सालमा श्री चन्द्र ज्योती शाक्यको सहयोगमा श्री शिद्ध बिहार निर्माण गर्नु भएको र बुद्ध चरित्र नाटकमा पूरा सहयोग गरी सबैलाई बुद्ध धर्मको परिचय दिनुहुँदै चैनपूरमा ठूलो देन दिनु भएकोले चैनपुर बासीले उहाँको गुणानुस्मरण गरी पुण्यानुमोदन गरेको थियो ।

**हिमालयन बुद्धिष्ट फाउन्डेशनको द्वितीय अधिवेशन तथा लामा प्रशिक्षण समारोह सम्पन्न**

स्थान : कर्मालिक्सेलिङ गुम्बा स्वयम्भू, शितापाइला चक्रपथ ।
मिति : २०५४ पुस २२ र २३ गते ।

श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभ जन्मोत्सवको उपलक्षमा हिमालयन बुद्धिष्ट फाउन्डेशनको तत्त्वावधानमा लामा प्रशिक्षण शिविर समारोह र हिमालयन बुद्धिष्ट फाउन्डेशनको द्वितीय अधिवेशन सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

उक्त लामा प्रशिक्षण शिविरको प्रशिक्षकहरू र प्रशिक्षण विषयहरू यसरी समावेश गरिएका थिए ।

| *प्रशिक्षक* | *प्रशिक्षण विषय* |
|---|---|
| भिक्षु अश्वघोष | - धर्म र सामाजिक उत्थान |
| भुवन लाल प्रधान | - बुद्धधर्म र वातावरण |
| नरेशमान बज्राचार्य | - बौद्ध धर्म र प्राणीवाद |
| ङवाङ वोसेर लामा | - गोम्पा र कला संस्कृति |
| मुक्त सिंह लामा | - बुद्ध धर्म संस्कृती र वातावरण |
| वालकृष्ण मावाङ | - जन जातीय समस्या र हाम्रो आर्थिक उन्नति |



Downloaded from http://www.dhamma.digital

मीङमा सेर्पा - बौद्ध धर्म समाजमा आर्थिक उन्नति

मीन वहादुर शाक्य - राष्ट्रिय कला र संस्कृती

फुन्जोक गुरूङ लामा - धर्म र संस्कृती

यसको साथसाथै हिमालय बुद्धिष्ट फाउन्डेशनको द्वितीय अधिवेशन को कायक्रम यसरी संचालन गरिएको थियो ।

**हिमालयन बुद्धिष्ट फाउन्डेशनको द्वितीय अधिवेशनको कार्यक्रम**

अध्यक्ष तथा प्रमुख अतिथिको आसन ग्रहण ।

सम्माननीय अध्यक्ष बेनी बहादुर कार्कीज्यूबाट दीप प्रज्वलन गरी अधिवेशन उद्घाटन ।

श्रद्धेय गुरु हीजहोलीनेश ङवाङ-तेन्जीङ-जाङवोज्यूबाट शाक्यमुनी गौतम बुद्धको प्रतिमा तथा श्री ५ महाराजाधिराज र श्री ५ वडामहारानी सरकारको तस्वीरमा खाता चढाउनुभयो ।

हिमालयन बुद्धिष्ट फाउन्डेशनका उपाध्यक्ष तथा सोलुखुम्बु जिल्लाका भू.पू. रा.पं.स. श्री आङ-वाङ-शेर्पाज्यूबाट स्वागत भाषण ।

नेपाल राजनैतिक शास्त्र संघ (पोलसंघ) का अध्यक्ष तथा त्रिभुवन विश्व विद्यालयका प्राध्यापक डा. गंगा बहादुर थापाबाट बढाई ज्ञापन तथा मन्तव्य ।

जनजाति महासंघका विदेश सचिव तथा त्रिभुवन विश्व विद्यालयका प्राध्यापक बालकृष्ण मावोहाङ्गबाट बढाई ज्ञापन तथा मन्तव्य ।

प्रमुख अतिथि सम्माननीय श्री वेनी बहादुर कार्कीज्यूबाट समुद्घाटन भाषण ।

भोट-अफ-थ्यान्कस हिमालयन बुद्धिष्ट फाउन्डेशनका केन्द्रीय कार्यकारिणी सदस्य श्री तोप्ला उक्यावज्यूबाट ।

श्रद्धेय गुरू हिगहोलीनेश श्री ङवाङ-तेन्जीङ-जाङवोज्यूबाट सभा विसर्जन ।

कार्यक्रम संचालक हिमालयन बुद्धिष्ट फाउन्डेशनका केन्द्रीय कार्यकारिणी सदस्य

श्री धर्मरत्न शाक्य ।

**लुम्बिनीलाई राजनीतिबाट मुक्त गराइनु पर्छ ।**

धनगढीमा छैठौं राष्ट्रिय बौद्ध सम्मेलनको समापन समारोह कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै प्रतिनिधि सभाका प्रमखु प्रतिपक्षी दलका नेता एवं नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीले भन्नुभयो- "लुम्बिनी क्षेत्र विकास कोषलाई आफै निर्णय लिनसक्ने स्वायत्त संस्थाको रुपमा परिणत नगरेसम्म लुम्बिनी क्षेत्रको सुमुचित विकास हुन सक्दैन" ।

आफ्नो समयमा बुद्धले समाजमा रहेका असमानता र रुढीबादी विरुद्ध विद्रोह गरी समाजलाई मानव कल्याणकारी शिक्षा प्रदान गर्नु भएको कुराको चर्चा गर्नु हुँदै नेता अधिकारीज्यूले मूल्य र मान्यतामा ऱ्हास आउँदै गरेको वर्तमान समाज अब बुद्धको चिन्तनबाट मात्र बचन सक्नेछ भन्ने आशा व्यक्त गर्नुभयो ।

आधुनिकताको नाममा पूर्वजहरूले दिएको दर्शन र चिन्तनलाई बिर्सी वर्तमान समाज पश्चिमी संस्कृति तर्फ ढल्किरहेको विषयलाई चिन्तायुक्त विषय बताउनु हुँदै श्री अधिकारीज्यूले पश्चिमी मुलुकका व्यक्तिहरूले समेत बुद्धलाई संसारको सबभन्दा ठूलो गुरु मानेको र विश्वमा बुद्धको शिक्षा प्रति आकर्षण बढ्दै गइरहेको विषयमा चर्चा गर्नु भयो ।

बुद्धले मानव स्वयं सबभन्दा ठूलो व्यक्ति भएको नाताले आफू भित्र आफैले आध्यात्मिक बिकास जगाउने प्रयास गरी शान्ति र भातृत्वमा बाँच्न सकिन्छ भन्ने शिक्षा प्रदान गरेको धारणा व्यक्त गर्नु हुँदै उहाँले बुद्ध शिक्षाको विकास र प्रवर्धनमा लागिरहने धर्मोदय सभालाई पनि सरकारी तवरबाट आर्थिक सहयोग प्रदान गरिनु पर्ने बिचार पनि प्रष्ट्याउनु भएको थियो ।

**ज्ञानमाला भद्र जयन्ती भ्भः धायक क्वचाल**

स्वयम्भू ज्ञानमाला भजन खलः स्थापना जूगु ख्वीदँ दुगु लसताय् वंगु पौष २६ गते भजन खलःया भद्र जयन्ती राष्ट्रिय सभा गृहले न्ह्यइपुक हन । उगु भद्र



Downloaded from http://www.dhamma.digital

जयन्ती भजन खलःया नायो शान्त रत्न शाक्य या सभापतित्त्वे जूगु खःसा मू पाहाँ येंया नगर प्रमख भाजु केशव स्थापित जुयादीगु खः । स्वयम्भू ज्ञानमाला भजन खलःया इलेहे ज्याझ्वः शुरु याय्माःगु नियम कथं न्हिने १ बजे हे शुरु जूगु थुगु समारोहे थीथी थासं वोपिं ज्ञानमाला भजन खलःपाखें भजन हालादिल । मू पाहाँयात नेवाः परम्पराकथं हे लसकुस जुल । पांगाया धाःबाजं व हाकुपर्सि सिनाः सुकुन्दा ज्वनावोपिं मय्जुपिनिगु लसकुसं यानाः थुगु भद्र जयन्तीया वातावरण न्ह्यइपुसे च्वंका बिल ।

थुगु कायक्रमे ज्ञानमालाया पुलांपिं गुथियारत- चैत्यनारायण मानन्धर, रत्नबहादुर माली, रामदेवी मानन्धर आदिपिनि मुल्यांकन यासे ज्ञानमाला भजनयात गुहाली ब्यूपिं आपालं भाजुपिन्त भद्र जयन्तीया चिं लःल्हानाः हनेगु ज्वाझ्वः नं क्वचाःगु दु । थुगु ज्याझ्वः भद्र जयन्तीया न्ह्यथने बहःगु जाझ्वःत खः । थुकथं ज्ञानमाला भजन खलः गठन जूबले निसें तोता वंपिं पुलांपिं) दुजःपिन्त इले बिले हनाबना तय्गु थें ज्याःगु थज्याःगु न्हूगु ज्याझ्वः यात च्वछाय् बहःजू ।

सल्लाहकारया नायो प्रा. सुवर्ण शाक्यं लसकुस न्वचू बियाः ज्ञानमाला भजन खलः गुकथं न्ह्याना वयाच्वंगु खः व आः गुकथं न्ह्यावने मालाच्वंगु दु धयागु विषययात कया थःगु नुगः खँ प्वंकादिल । अनं लिपा मू पाहाँ पाखें बोधिमत च्याकाः ज्ञानमाला भद्र जयन्ती उलेगु ज्या जुल ।

भिक्षु सुदर्शन महास्थविरं ज्ञानमालाय् गोपु म्ये दु, ज्ञानमाला धयागु छु, भिक्षुपिनि पाखें गुकथं ज्ञानमाला दयावल धयागु बारे इतिहास कना बिज्यात ।

ज्ञानमाला खलःया धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरं भिंतुना न्वचु बियाः धया बिज्यात - हारविन व तम्मल थाय्गु तालया नापनापं धर्म सम्बन्धि म्येया अर्थ नं थ्वीकाः थथःगु व्यवहार नं बाँलाकेगु याःसा ज्ञानमाला भजन खलः अझ ताकाल तक गतिशील ज्वी फै ।

प्यदं न्ह्यवंनिसें न्ह्याका वयाच्वंगु ज्ञानमाला रत्नवत सिरपाः मध्ये बु.सं. २५४१ दँया सिरपाः भिक्षु सुबोधानन्द महास्थविरयात, न्ह्याइपु खलः पांगायात व हेराकाजी सुइकाः शाक्य नागबहाःयात नायो शान्तरत्न शाक्यं लःल्हाना बिज्यात ।

झिन्हय्कोगु कथं न्हूगु पिहाँवोगु ज्ञानमाला सफूया उलेज्या भिक्षु सुदर्शनं याना बिज्यात । नापं धरान ज्ञानमाला क्यासेट या नं उलेगु ज्या जुल । ज्या झोले उपाध्यक्ष दिलहर्ष तुलाधरं सुभाय् देछाना दिलसा दाँ भरिं शान्तकुमार चित्रकारं ल्याः चाः न्ह्यव्वया दीगु खः । भद्र जयन्ती ज्याझोः सचिव किरण कुमार जोशीं न्ह्याकादीगु खः ।

भद्र जयन्ती ज्याझो बाँलाकेत यें म.न.पा., यल उप म.न.पा., थी थी वडा व ज्ञानमाला जःपिनि पाखें ध्यबा गुहाली प्राप्त जूगु समाचार दु ।

लुमंके बहःजू भद्र जयन्तीया इले ज्ञानमाला खलःया पाखें लःल्हाःगु सिरपाः पुलांम्ह नायो रत्नवहादुर तण्डुकारजुं छगू लाख दाँया अक्षय धुकू स्वनाः पलिस्था यानाथकादीगु लिं थुगु सिरपा दँय्दसं ज्ञानमाला न्हापांगु राष्ट्रिय सम्मेलनया लुमन्ती दँ हनेकथं लः ल्हाना वयाच्वंगु खः । ज्याझो शुरु ज्वी न्ह्यो थीथी थासं ज्ञानमाला भजन म्ये हाःपिं मध्ये धरान व पांगाया मय्जुपिनि म्ये बाँलाः ताय्कूगु खनेदु । स्वयम्भू ज्ञानमाला भजन खलःया मय्जुपिनिगु पुलांगु ज्ञानमाला म्येया लय्तयाः भजन हाःगु नं श्रोता वर्गपिसं योताय् कूगु खनेदु ।

**"हे दुर्बुद्धि ! जटा तयां छन्त छु जुई ? मृगचर्म भुनां छु जुई ? दुने कसर तया पिनें जक सिला च्वनां छु शुद्ध जुई ?" – धम्मपद**



Downloaded from http://www.dhamma.digital

# छलफल

✍ मेघदूत

आजको छलफल कार्यक्रममा बुद्धिजीवि बुढापाकाहरू र शिक्षित महिलाहरूको धेरै संख्या उपस्थिति भएको देखियो । खुशीको कुरो हो यो । आयोजकको तर्फबाट एकजनाले सोध्यो– "आज नयाँ साथीहरूलाई केही प्रश्न सोध्नु छ कि ?"

एकजना बूढो उमेरका बुद्धिजीवि देखिने महावनुभावले सोधे – "धर्मकीर्ति वर्ष १५ अंक ८ मा प्रजापती गौतमीलाई भिक्षुणी बन्नलाई बुद्धले अनुमती दिनु भएन । शायद तत्कालिन समयको केही पाबन्दीले गर्दा होला । तर भिक्षु आनन्दको न्यायसंगत तर्कले गर्दा बुद्धले गौतमीलाई आठवटा ठूला नियमहरू पालन गर्नुपर्ने शर्तमा भिक्षुणी हुने अनुमती दिनुभयो । उक्त शर्तहरू पढ्दा हिन्दू ग्रन्थ मनुस्मृतिमा उल्लेख भए जस्तै महिलाहरू पुरुषहरूको अधिनमा रहनु पर्ने देखियो । कुनै एक महिला भिक्षुणी भएर जति समय बिताए पनि भरखर मात्र प्रव्रजित भएका भिक्षुलाई पनि वन्दना र मान सम्मान गर्नु पर्ने, भिक्षुणीले भिक्षुको कुनै पनि गल्तीमा प्रतिकृया जनाउन नहुने, भिक्षुणीले भिक्षुलाई सिकाउन नहुने, बरू भिक्षुबाट भिक्षुणीले सिक्नु पर्ने रे । यी शर्तहरू पढेपछि त हामीलाई शंका लाग्न थाल्यो – संसारका सबै भन्दा ठूला मानवतावादी, समानतावादी बुद्धले त्यस्ता अन्याय र असमान नीतिलाई महिला वर्गहरूमाथि किन लादिदिनु भयो ? त्यस नियमले त बुद्धको पवित्र जीवनीलाई पनि कलंकित पारेको देखियो । फेरि प्रजापति गौतमीलाई प्रव्रज्या दिने कार्यमा बुद्धको अगाडि भिक्षु आनन्द बढी प्रगतिशील बिचारधाराले युक्त भई महिलाहरूप्रति दया र समानता भावनाले युक्त भएको ब्यक्ति देखियो । यसरी बुद्ध जीवनीमा यो एक आश्चर्यजनक घटना उल्लेख भएको देखियो ।

त्यसैले यी आठवटा शर्तहरूलाई बुद्धले राख्नु भएको नभई प्रथम संगायनापछि मात्र थपिएका देखिन्छ । महिलावर्गहरूमा प्रश्न राखियो – "यी विषयहरूमा दिदी-बहिनीहरूले केही भन्नु छ कि ?"

महिला वर्गबाट उत्तर आयो – "हामी पनि ठूलो वा भनुँ या माननिय भनुँ उहाँले पोख्नु भएको पुर्वोक्त गुनासोलाई नै लिई यहाँ उपस्थित भएका हौं । तर पुरुषवर्गहरूले नै हामी महिलाप्रति भइरहेको असमान व्यवहारप्रति असन्तोष जनाएको देख्दा हामीलाई हौसला बढेको छ । यी असमान व्यवहारहरू यथावत् रहने हो भने बुद्ध र बुद्ध शिक्षा समेतलाई हिन्दू वैदिक संस्कारमा मुछिएको देखिनेछ । बुद्धको महा-मानवतालाई नै कलंकित पार्ने यी विषयहरू कसरी बौद्ध साहित्यमा समावेश गरिएको होला ? त्यसबारे केही निराकरण सुन्न पाए बेस हुने थियो ।

छलफल कार्यक्रमका आयोजक मध्ये एकजनाले भन्यो – "हुनत यो एक गम्भीर प्रश्न हो । तर हामीलाई पनि यसबारे यथार्थ ज्ञान त छैन । यस विषयमा बुद्धकालीन परिस्थिति अध्ययन गरी बुझ्न बाकी नै छ । यी आठवटा ठूला नियमहरूलाई शर्तको रूपमा राखिनु त शंकास्पद नै देखिन्छ । किनभने यी शर्तहरू बुद्ध स्वयंले राख्नु भएको भन्न सुहाउँदैन । यदि महिला वर्गलाई भिक्षुणी बनाउनै नहुने भए यस विषयमा भिक्षु आनन्दले अनुरोध गर्दैमा बाध्य भएर बुद्धले अनुमति दियो भन्ने कुरो त केटाकेटीको कुरो जस्तो हुनगयो । फेरि बुद्धकालीन घटनाहरू अध्ययन गर्दै जाने हो भने बुद्धले भिक्षु संघ र भिक्षुणी संघलाई कुनै भेदभाव बिना समान अधिकार दिनुभएको देखिन्छ । अग्र श्रावक र अग्र श्राविका भिक्षु भिक्षुणीहरू भनी समान पदहरू दिनु भएको यसको ज्वलन्त उदाहरणहरू हुन् ।

एकजनाले प्रश्न उठायो – "अर्को शंकास्पद कुरो के रहेछ भने, यदि भिक्षु भिक्षुणीहरूमा धेरै सम्बन्ध

Downloaded from http://www.dhamma.digital

स्थापित हुन्छ भने ब्रह्मचर्य सम्बन्धी अपवाद सुन्न पर्ने हुन्छ भनी उल्लेख गरिएको देखिन्छ । त्यतिमात्र होइन, भिक्षुणीहरू भिक्षुहरू नभएको ठाउँमा बसोबास गर्न हुन्न पनि भनिएको छ । फेरि भिक्षुणीहरूले भिक्षुहरूकहाँ गएर उपदेश सुन्न जानुपर्छ भन्ने नियम पनि बनाइएको छ । यसरी यहाँ एउटा नियमले अर्को नियमलाई काटिएको देखिन्छ । फेरि विनय अध्ययन गर्दै जाँदा सुदिन्न नाम गरेको भिक्षु नियम बिगारी पाराजिकामा परेको बुद्धकालीन घटनामा उक्त भिक्षुले कुनै एक भिक्षुणीसंग सम्पर्क राखेर होइन एक गृहस्थी महिलासंग सम्पर्क राखी पाराजिकामा परेको भन्ने बुझिन्छ ।

एकजना महानुभावले बिचमै कुरा काट्दै प्रश्न उठाउनु भयो – "भिक्षु अमृतानन्द महास्थविरले लेख्नु भएको बुद्ध शासनको इतिहास प्रथम भाग पढ्दा खेरी थाहा पाएँ – भिक्षु आनन्दले महिला वर्गलाई भिक्षुणी बनाउन उत्साहित र उत्प्रेरित गरिदिएको विषयमा भिक्षु आनन्दलाई अरू भिक्षुहरूले दोषारोपण गरी क्षमा माग्न बाध्य पारेका थिए ।

यहाँ बुझ्न नसकिने कुरो के रह्यो भने बुद्धको जीवितकालमा नै यस विषयमा किन प्रश्न उठाइएन ? बुद्ध परिनिर्वाण पछि मात्र यस विषयमा बदला लिने भावनाले भिक्षु आनन्दलाई दोषारोपण गरी क्षमा माग्न बाध्य तुल्याइएको देखियो । त्यसैले भिक्षु आनन्दले स्पष्ट रूपमा भन्नु भएको छ – "यसमा मेरो केही दोष छैन, म निर्दोष छु, तैपनि संघप्रति गौरब राखी म क्षमा माग्दैछु ।"

"यसरी यहाँ अरहन्त भिक्षुहरू वर्गमा यो असमानताको कुरो कहाँबाट आयो होला ? यसको उत्तर पाए राम्रो हुने थियो ।" तर यसबारे कसैले पनि उत्तर दिन सकेन । सबैजना चूप । एकजनाले भन्यो – "अरहन्तहरूको कुरो बुझ्न हामी पनि अरहन्त नै बन्न कोशिस गर्नु परेको छ ।"

पछि एकजनाले आफ्नो बिचार प्रकट गर्दै भन्यो – "यो भिक्षुणी प्रश्नले त बुद्ध शासनको महत्त्वलाई नै धमिल्याई दिएको छ । यसमा व्यवहारिकता र वैज्ञानिकताबारे प्रश्न खडा गरिदिएको छ ।

आनन्दभूमि वर्ष २५ अंक ९ मा भिक्षु अनिरूद्ध महास्थविरले स्पष्ट रूपमा लेख्नु भएको छ – "थेरवादी शासनमा भिक्षुणी शासन लोप भइसक्यो । फेरि महिलावर्गलाई भिक्षुणी बनाउन असम्भव छ । महायानमा सम्भव छ भने अर्कै कुरो हो ।" फेरि धर्मकीर्ति वर्ष १५ अंक ९ मा श्रीलंकाका प्रकाण्ड विद्वान भिक्षुहरूले भिक्षुणी बनाउन समर्थन जनाउनु भयो । सुनिन्छ श्रीलंका सरकारले पनि महिला वर्गलाई भिक्षुणी बनाउने कार्यलाई मान्यता दिएकै छ । ६०, ७० प्रतिशत भिक्षुहरूले त महिला वर्गलाई भिक्षुणी बनाउनका लागि समर्थन जनाइसकेको रहेछ । त्यसैले यो त भिक्षुहरूको सहमति र समझदारीको कुरो हो ।

एकजना अर्का विद्वानले भन्नुभयो – "भगवान् बुद्धले भन्नुभएको थियो – समय र परिस्थिति अनुसार स-साना विनय-नियमहरू परिवर्तन गर्न मिल्छ ।" परिनिर्वाण हुनु केही अगाडि भगवान बुद्धले भन्नुभएको थियो – "**आकङ्मानो आनन्द, संघो ममच्चयेन खुद्दानु खुद्दकानि सिक्खापदानि समूहनतु** – हे आनन्द सहमति भए भिक्षु संघले म मरेपछि स-साना शिक्षाप्रद (भिक्षु नियमहरू)लाई त्यागे पनि हुन्छ । यसरी बुद्धले स्पष्ट रूपमा भन्नुभएको छँदा छँदै पनि भिक्षुहरूमा किन सहमति र समझदारी हुन नसकेको होला ? फेरि बुझ्न नसकिने कुरो के भने भिक्षुणी बनाउन नै हुँदैन भन्ने नियममा कट्टरपन बानी भएका व्यक्तिहरूको समूहमा नै परस्पर नियम पालना गर्ने कार्यमा खुकुलोपना आइरहेको देखिन्छ । यो त झन् बिडम्बनाको कुरो हुन गयो ।

यसरी नमिल्दो कुरोमा छलफल गर्दा निष्कर्षमा पुग्न गाऱ्हो र अमूल्य समय मात्र खेर जाने भैरहेको छ । त्यसैले आजलाई यत्तिकैमा टुँग्याऔं ।

मुद्रक : **"न्यू नेपाल प्रेस"** • अफिस फोन : २५९०३२, २५९४५० फ्याक्स : (९७७-१) २५८६७८, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital